लेखापरीक्षण प्रतिवेदन

सहिदभूमि गाउँपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सहिदभूमि गाउँपालिका, धनकुटा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/471

श्रीमान् अध्यक्षज्यू,
सहिदभूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनकुटा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/471

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,
सहिदभूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनकुटा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रु.१ अर्ब ८ करोड २६ लाख ८५ हजार लेखापरीक्षण गर्दा रु.१ करोड ६९ लाख ८० हजार (१.५६ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा पालिकाबाट प्रतिक्रिया पेश भएको छैन। उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रु.१ लाख २७ हजार, नियमित गर्नुपर्ने रु. ९४ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.७१ लाख १६ हजार, र पेस्की बाँकी रु.२ लाख ४७ हजार गरी जम्मा रू.१ करोड ६९ लाख ८० हजार रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.८ करोड ३५ लाख ७९ हजारमा यस वर्षको थपसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ५ लाख ६९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१०१	११८	१,६९,८९,६७२	०	०	०	०	१०१	११८	१,६९,८९,६७२	१,२७,४२५	९४,९९,४९४	७१,१५,७५३	०	०	१,६६,१५,२४७	२,४७,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धनकुटा	८,३५,७८,९७२	०	०	८,३५,७८,९७२	०	१,६९,८९,६७२	१०,०५,६८,६४४

सहिदभूमि गाउँपालिका, धनकुटा

(८०१०६५०१३००)

सहिदभूमि गाउँपालिका , धनकुटा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा ७ वडार ३८ सभा सदस्य रहेका छन्। पालिकाको क्षेत्रफल९९.५५ वर्ग किलोमिटर तथा४०९० घरधुरी, ७८.५ प्रतिशत साक्षरता दर र १७७६७ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२० देखि २०८२।७।२५ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- आय तर्फ रू. ५३,९१,७३,५७६.९४ र व्ययतर्फ रू. ५४,३५,११,१३५.०३ गरी जम्मा रू. १,०८,२६,८४,७११.९७ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रू. ४७,५६६ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत वित्तीय प्रतिबेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरीएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

सि.नं	आय तर्फ			सि.नं	व्यय तर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	गत वर्षको बैंक मौज्दात		५६८७१८२८	१	चालु खर्च		२९१५३१३५७
	संचित कोष खाता	४२७१५८२७		२	पुँजिगत खर्च		१२०६८४३५३
	स्थानीय प्रकोप व्यवस्थापन	३५६५२८५		३	विभिन्न कोष तर्फको खर्च		९९३७३३२
	कर्मचारी कल्याण कोष खाता	१९२८१८१			स्थानीय प्रकोप व्यवस्थापन कोष	१०१७१३३	
	लैगिक हिसा निवारण कोष	३५००००			धरौटी खाता	१३७५२०४	
	वाल वालिका कोष	१०००००			कर्मचारी कल्याण कोष	२०७४९८०	
	मर्मत संभार कोष	२१६७१७९			मर्मत संभार कोष	१४६९६७८	
	धरौटी खाता	४३२१६१३			विविध खर्च खाता	४०००३३७	
	विविध खर्च खाता	७२३७४४		४	अनुदान फिर्ता		२४९५८८४२
	आक्सिक कोष	१००००००			ससर्त अनुदान फिर्ता	२२९५९२५७	
२	राजस्व प्राप्त		७५९२०४८९	५	जम्मा बैंक मौज्दात		५२५३४२७०
	संघ राजस्व बाँडफाँड	७२४१२०४४			संचित कोष खाता	३४०१४६७१	
	प्रदेश राजस्व बाँडफाँड	२७४३३१८			स्थानीय प्रकोप व्यवस्थापन	२८१३७८२	
	स्थानीय राजस्व बाँडफाँड	७६५१२८			कर्मचारी कल्याण कोष	२२५३२०१	
३	आन्तरिक राजश्व		५०६४२९३		लैगिक हिसा निवारण कोष	३५००००	
४	संघबाट प्राप्त अनुदन		३१९४९३६१४		बाल बालिका कोष	१०००००	
	संघ समानिकरण अनुदान	७८०८७७६०			मर्मत संभार कोष	११७८७६१	
	ससर्त अनुदान चालु	१९९१४७०००			धरौटी खाता	५७८३२०८	
	ससर्त अनुदान पुँजीगत	२२६२७०००			विविध खर्च खाता	५०४०६४८	
	विशेष अनुदान पुँजीगत	९५०००००			आकस्मिक कोष	१००००००	
	संघ समपुरक अनुदान	१०१३१८५४		६	अन्तर सरकारी हस्तान्तरण		९६३९९२५१
५	प्रदेशबाट प्राप्त अनुदानहरु		२७९९५०००		सामाजिक सुरक्षा	९५९८९२५१	
	प्रदेश ससर्त अनुदान चालु	५१९४०००			स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४१००००	
	प्रदेश ससर्त अनुदान पुँजीगत	७९७८०००					
	प्रदेश समानिकरण अनुदान	५०७३०००					
	प्रदेश समपुरक अनुदान	९७५००००					
६	कोष खाताहरु		१४३००९३०				
	स्थानीय प्रकोप व्यवस्थापन कोष	२६५६३०					

	धरौटी खाता	२८३६७९९					
	कर्मचारी कल्याण कोष	२४०००००					
	मर्मत संभार कोष	४८१२६०					
	विविध खर्च खाता	८३१७२४१					
७	अन्तर सरकारी हस्तान्तरण		९६३९९२५१				
	सामाजिक सुरक्षा कार्यक्रम	९५९८९२५१					
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४१००००					
	जम्मा		५९६०४५४०५	जम्मा			५९६०४५४०५
आ व २०८०।८१ देखि महालेखा नियन्त्रकको कार्यालयले मलेपफानं २७० को अनुसूचीमा SUTRA र CGAS को कारोवार खुलाई एकीकृत विवरण संलग्न गर्ने व्यवस्था गरेको छ । सो बमोजिमको बिबरण बनाएको पाईएन।							

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. ५०,६४,२९२.६८ राजस्व बाँडफाँडबाट रू. ७,५९,२०,४८९.२१, अनुदानबाट रू. ३४,७४,८८,६१४ तथा अन्य प्राप्तीवाट रू. १६,७५,७२,००९.११ लगायत रू. ५९,६०,४५,४०५ प्राप्ती भएकोमा चालु तर्फ रु. २९,१५,३१,३५६.५२ तथा अन्यकोष तर्फको भुक्तानी रू. ९९,३७,३३२ र पुँजीगत तर्फ रू. १२,०६,८४,३५३ अन्तर सरकारी हस्तान्तरण रु. ९,६३,९९,२५१.०१ समेत रु. ५१,८५,५२,२९२.५३ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ७०.७२ प्रतिशत चालु र २९.२८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरीनुपर्दछ।

४ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ महिना
पूँजिगत खर्च	१२०६८४३५३	६२४१२१	१०४८९०७३	२१७०११४५	८७८७००१४	५१६१९६९५
खर्च प्रतिशत	१००	०.५२	८.६९	१७.९८	७२.८१	४२.७७

उल्लिखित विवरण अनुसार वार्षिक रु. १,२०,६८,४३५ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ६,२४,१२१ (०.५२प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,०४,८९,०७३ (८.६९प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. २,१७,०१,१४५ (१७.९८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै चौथो त्रैमासिकमा रु. ८,७८,७०,०१४ (७२.८१ प्रतिशत) र आषाढमा महिनामा रु. ५,१६,१९,६९५ (४२.७७ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र आषाढ महिनामा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरीनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३, ८७ , ३५ , ०००	२, ८८ , ८७ , ३७४	७.१
२	पूर्वाधार विकास	७, ५२ , ०७ , ३४०	५, ७९ , ४० , ३०५	१४.२४
३	सामाजिक विकास	२७, १७ , ०८ , ४१५	२४, ६७ , ४१ , ८५१.५४	६०.६३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१, २५ , ०७ , ०००	१, ०९ , ५४ , ८८४	२.६९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८, ११ , ४५ , २४५	६, २४ , ४५ , ६८४.९८	१५.३४
जम्मा		४७, ९३ , ०३ , ०००	४०, ६९ , ७० , ०९९.५	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकास मा सबैभन्दा बढी ६०.६३ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटी ७.१ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।०९ मा रु. ४८,८९,३१,००० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिई आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरीसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ । साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

क्र स	कार्यक्रम वा विषय	कार्यान्वयन अवस्था	थप सान्दर्भिक व्यहोरा
१	खोकु स्थानीय जातको सुन्तलाको बिजु विरुवा वितरण तथा उत्पादित सुन्तलाको ग्रेडिङ तथा ब्राण्डिङ्ग	नभएको	खरिद कानुन विपरीत भएकोले
२	स्थानीय कपास खेती प्रवर्द्धन कार्यक्रम	नभएको	खर्च गर्ने नम्सको अभाव रहेकोले
३	घुम्ती वाली उपचार कार्यक्रम	नभएको	समन्वय तथा समयको अभाव रहेकोले
४	गाँजा खेतिलाई औषधिजन्य प्रयोजनका लागि व्यवसायीक खेती प्रवर्द्धन	नभएको	संघीय कानुन सँग बाँझिएकोले
५	गाँउपालिकाका विद्यार्थीहरुलाई प्राविधिक बिषय अध्ययन प्रोत्साहन कार्यक्रम	नभएको	
६	विद्यार्थी दिवा खाजा कार्यक्रमलाई कक्षा ६ सम्म विस्तार	नभएको	कार्यक्रम प्रभावकारी नभएकोले
७	लैङगीक समानता तथा सामाजिक समावेशीकरण परीक्षण	नभएको	सम्झौता भएको फर्मले काम नगरेकोले
८	सामाजिक परीक्षण	नभएको	पालिकाबाट प्रकृया अगाडी नबढाएकोले

९ बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका योजना/कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरीनुपर्दछ।

बजेट (विनियोजन ऐन) मा समाबेश नभएका नीति तथा कार्यक्रम

क्र सं	नीति तथा कार्यक्रमको बुँदा नं	नीति तथा कार्यक्रमको वेहोरा
१	४४	सहिदभूमि गाँउपालिकाको स्थानीय पाठ्यक्रम सहिदभूमि गाथा लेखन तथा छपाई
२	९९	सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण

१० एकमुष्ट बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष समपुरक कोष, गत वर्षको अल्या, विविध नामक शिर्षकमा रू. १,७४,६८,००० अबण्डा बजेट राखेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाँट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजना तथा कार्यक्रममा खर्च गरेको छ। जुन पालिकाबाट भएको विनियोजित बजेटको रु. ४८,८९,३१,००० को ३.५८ प्रतिशत हुन जान्छ। यसरी ठूलो मात्रामा बजेट

अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखियो। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरीएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९. मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरी राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरीएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरीक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फस्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं २०२ को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनुपर्नेमा सबै भुक्तानी सो वेहोरा पालना गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ ।

१२ अनुदानको अनुगमन

समपुरक अनुदान कार्यविधि,२०८१ को बुँदा न १६ र बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुँदा न १ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधिमा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरीक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ । त्यसरी संचालित योजनाहरुको विनियोजित बजेट खर्च र त्यसको खर्च प्रतिशत देहाय बमोजिम छ।

क्र.स.	स्रोत	संचालित योजनाहरु	बिनियोजित बजेट	खर्च बजेट	खर्च प्रतिशत
१	संघीय समपुरक अनुदान	१	११००००००	५२४५०००	४७.८
२	संघीय बिशेष अनुदान	१	९५०००००	७४६५०००	७८
३	प्रदेश समपुरक अनुदान	१	९७५००००	९७५००००	१००
		जम्मा	३०२०००००	२२४६००००	७४.३७

उल्लिखित योजनाहरुको नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको देखिएन। त्यसै गरी नागरीक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणालीको विकास गरेको देखिदैन। कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

१३ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरीकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध हुन सकेन । पालिकाको कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

सि नं.	विवरण	सिफारिस संख्या(सेवा प्राप्त)
१	जन्म दर्ता	३४०
२	मृत्यु दर्ता	१९७
३	नागरीकता सिफारिश	४५०
४	घर बाटो सिफारिश	११२
५	नाता प्रमाणीत	२३९
६	कालोपत्रे सडक निर्माण	०.९६ कि.मि
७	ग्राभेल सडक निर्माण	०.५ कि.मि.
८	ट्याक ओपन	६.४ कि.मि.

१४ कानुन निर्माण एवं कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ऐन, १७ नियमावली, ६ कार्यविधि, ३६ निर्देशिका, ४ र नर्म्स ४ लगायत ६७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

१५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप १ विवाद दर्ता भएकोमा १ वटा फर्स्यौट भई बाँकी देखिदैन।

१६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरीएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१७ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि रू. ६,६८,५०० खर्च गरेको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

१८ पदाधिकारी सुविधा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाको यस वर्ष पदाधिकारी

सुविधा वापत रू. ५४,५८,००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. ५०,६४,२९२ रहेको छ । जुन आन्तरिक आयको ७.७ प्रतिशत बढी खर्च भएको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बिचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

१९ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता वापत रू. १२,६८,००० र कर्मचारीको बैठक भत्ता वापत रू. ४,१६,००० समेत जम्मा रू. १६,८४,००० खर्च गरेको देखियो । जुन आन्तरिक आयको रु. ५०,६४,२९२ तुलनामा ३३.२५ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

२० **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२१ **अवकाष कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कानुन बनाई राजस्व बाँडफाटबाट कर्मचारी अवकास कोषमा रु. २४,००,००० ट्रान्सफर गरेको छ । उक्त कोषबाट १ प्रशासनका कर्मचारीलाई रु. २०७४,९८० खर्च गरेको छ।

२२ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षण भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

२३ **वडा सचिवको पदपुर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

वडा संख्या	वडा सचिवको दरवन्दी	वडा सचिवको पदपुर्ति	रिक्त वडा सचिव
६	७	४	३

२४ **जिन्सी व्यवस्थापन तर्फ**

जिन्सी व्यवस्थापन तर्फ देखिएका वेहोराहरु देहायबमोजिम रहेका छन्

२४.१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । जसले

गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२४.२ **जिन्सी मौज्दात जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५ (२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ । विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version 2 (PAMS V2) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version 1 मा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्दछ।

२४.३ **जिन्सी व्यबस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान र लिलाम गर्नुपर्ने सामान लिलाम तथा भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ। मोटर साइकल १ थान मर्मत गर्नु पर्ने उल्लेख भएको छ।

२४.४ **सार्बजनिक जग्गाको उपयोग** - भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले सार्बजनिक जग्गा उपयोगमा ल्याउदा नेपाल सरकारको स्वीकृति नलिएको अबस्था देखिएकोले निर्माण कार्य गर्दा उक्त व्यहोरा कार्यान्वियनका लागि आबश्यक पहल गरेरमात्र निर्माण कार्य सुरु गर्न ध्यान जान आबश्यक देखिन्छ।

२५ तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

२६ ईन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ४ पाङ्ग्रे ३ थान, (व्याकहोल्डर, स्कारपियो, र ट्याक्टर) मोटरसाइकल २६ रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू. १८,०२,१८६ र इन्धन अन्य शिर्षकमा रू. २,५८,८६७ गरी जम्मा रू. २०,६१,०५३ इन्धनमा खर्च गरेको छ । सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

२७ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत ४ पाङ्ग्रे ३ थान, (व्याकहोल्डर, स्कारपियो, र ट्याक्टर) मोटरसाइकल २६ थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. २२,१४,९१२ खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो । तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन । मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनुपर्छ।

२८ **अतिथि (बिबिध) सत्कार खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत अतिथि सत्कार वापत रू. १४,४१,९९४ खर्च गरेको छ । जुन आन्तरिक आय रु. ५०,६४,२९२ को २८.४७ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

२९ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रु. २२,७५,१६० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

३० **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू. ४,८०,००० आर्थिक सहायता वितरण गरेको देखियो । जुन आन्तरिक आय रू. ५०,६४,२९२ को ९.४७ प्रतिशत हुन जान्छ। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

३१ **कार्यक्रम संञ्चालन**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने, नियम

३९(८)मा उपनियम(७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरीएको मालसामानको विबरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संङ्ख्या र उपस्थितिसमेत समाबेश गरी प्रतिबेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यबस्था भए पनि सो अनुसार लागत अनुमान तयार गरी कार्यक्रम समाप्ति पश्चात प्रतिबेदन तयार गरी स्वीकृत गरेको पाइएन।यस्तो अबस्था गरीएको सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको बिश्वसनियता र प्रभाबकारीता न्युन हुन जाने हुँदा तोकिएको प्रकृया पुरा गरेर मात्र तालिम कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ।

३२ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमशः सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। उपलब्ध विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

निकाय	अनुदान	प्राप्त	खर्च	बाँकी	फिर्ता गरेको
सघीय सरकार	ससर्त अनुदान चालु	१८९३५४५११.५४	१७९५६२०२२.९४	९७९२४८८.६	९७९२४८८.६
	ससर्त अनुदान पुँजीगत	१६३८०५७८	१०१३४१३६	६२४६४४२	६२४६४४२
	विषेश अनुदान पुँजीगत	७४६५८९७	५४३१७९४	२०३४१०३	२०३४१०३
	समपुरक अनुदान पुँजीगत	५२४५६१०	३५९३८६	४८८६२२४	४८८६२२४
प्रदेश सरकार	ससर्त अनुदान चालु	४५७८८६५	३९६३७३०	६१५१३५	६१५१३५
	ससर्त अनुदान पुँजीगत	६५९३५५०	५२०९१००	१३८४४५०	१३८४४५०
	विषेश अनुदान चालु	०	०	०	०
	समपुरक अनुदान पुँजीगत	९७५००००	९७५००००	०	०
जम्मा		२३९३६९०११.५४	२१४४१०१६८.९४	२४९५८८४२.६	२४९५८८४२.६

३३ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । साथै नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ। पालिकाले गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरी तथा यस बर्षको बजेटमा समावेश गरी गतबर्षको देहाय बमोजिमको भक्तानी भएकोमा पुँजीगत प्रकृतिको खर्चमा रु. १,८७,५७,३४० र चालु प्रकृतिका खर्चमा रु. १६,७२,००० गरि जम्मा २,०४,२९,३४० यस बर्ष भूक्तानी दायित्व सारेको छ। आर्थिक बर्ष २०८१।८२ को बाँकी रु. १५,७७,४२४ बाँकी रकम आ.ब. २०८२।८३ लाई दायीत्व सारेको छ। यस कानुन विपरीत चालु शिर्षकमा समेत रु. १६,७२,००० गत बर्षको दायित्व बाँकी राखि यस बर्ष भूक्तानी दिएको रकम नियमसम्मत देखिएन।

सि. नं.	कार्यक्रम / आयोजनाको नाम	बजेट रकम	खर्चको प्रकृति
१	आवधिक उद्यम विकास रणनीति योजना निर्माण	५०००००	चालु प्रकृति खर्च
२	बाख्रापालन तालिम	४१८०००	चालु प्रकृति खर्च
३	बंगुर पालन तालिम	२८१०००	चालु प्रकृति खर्च
४	लाईफ स्कीम तालिम	४७३०००	चालु प्रकृति खर्च
५	कर्मचारी आवास थलथले जाने सिडी निर्माण	३५००००	पुँजीगत प्रकृतिको खर्च
६	पाले घर निर्माण	४७८०००	पुँजीगत प्रकृतिको खर्च
७	माम्फिङग सामुदायीक अधुरो भवन वडा नं ६	१४०००००	पुँजीगत प्रकृतिको खर्च
८	थलथले चम्चा कालो पत्रे सडक प्रथम चरण	२७४९३४०	पुँजीगत प्रकृतिको खर्च
९	थलथले चम्चा कालो पत्रे सडक प्रथम चरण	१९०००००	पुँजीगत प्रकृतिको खर्च
१०	थलथले सडक चाम्चा सडक निर्माण	४८८००००	पुँजीगत प्रकृतिको खर्च
११	पन्च कन्या सेती चौक	७००००००	पुँजीगत प्रकृतिको खर्च
	जम्मा	२०४२९३४०	

अनियमित भएको	१६,७२,०००

३४ **योजना तर्जुमा तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

विवरण	बजेट विनियोजित योजना संख्या	विनियोजित बजेट रु.	कार्यान्वयन योजना संख्या	बजेट खर्च रु.
रु.१ लाखसम्म	५५	३१७४९३७	५४	नखुल्ने
रु.१ देखि ५ लाखसम्म	१७७	४४६२१०००	१७१	नखुल्ने
रु.५ देखि १० लाखसम्म	५	२८०००००	४	नखुल्ने
रु.१० देखि २० लाखसम्म	२	३६०००००	२	नखुल्ने
रु.२० देखि ५० लाखसम्म	६	१५५२००००	६	नखुल्ने
रु.५० लाख देखि माथी	४	४१२५००००	४	नखुल्ने
जम्मा	२४९	११०९६५९३७	२४१	

पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू. १ लाखभन्दा साना ५५ योजनामा बजेट विनियोजन भएकोमा ५४ वटा मात्र सम्पन्न भएको तथा १ लाख देखि ५ लाख सम्मका १७७ वटा योजनामा १७१ सम्पन्न भएको पाईयो साथै जम्मा २४९ योजना स्विकृत भएकोमा २४१ योजना कार्यान्वियन भई ८ योजना कार्यान्वय भएको पाईएन । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

३५ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू. १० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू. १२,०६,८४,३५३ पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३६ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

३७ **धरौटी तर्फ**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु. ४३,२१,६१२.५० अल्या गरेकोमा यस वर्षको आम्दानी रु. २८,३६,७९९ भई कूल आम्दानी रु. ७,१५,८४,११५ भएकोमा देखाएकोमा रु. १३,७५,२०४ खर्च भइ रु. ५७,८३,२०७.५० मौज्दात बाँकी छ । पालिकाले राख्नुपर्ने केन्द्रीय धरौटी खाता, व्यक्तिगत धरौटी खाता र नाम नामेसी विवरण समेत राख्ने नगरेबाट मौज्दात बाँकी रकम यकिन गर्न सकिने आधार देखिएन । अतः नियमानुसार राख्नुपर्ने खाता तथा विवरण राखी धरौटी अभिलेख अद्यावधिक गर्नुपर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

३८ **मर्मत संभार कोष**

पालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत संभार सम्बन्धि कार्यमा मात्र खर्च गर्न सकिने र उपभोक्ता समिति र वडा कार्यालय आदिबाट मर्मत सम्भारको लागि माग भइ आएका योजनाहरु र पालिकाले आवश्यक ठानेका योजनाहरु प्राथमिकताको आधारमा छनौट गरी भौतिक संरचनाहरुको मर्मत स्थानिय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरीने उल्लेख भएको छ । कार्यबिधिमा मर्मत संभारको लागि छनौट लगायत कार्यान्वयनको मापदण्ड निर्धारण गरेको छ । पालिकाले यस वर्ष मर्मत संभार कोषमा गत बर्षको मौज्दात रु. २१,६७,१७९ यस बर्षको आम्दानी रु. ४,८१,२६० गरी जम्मा आम्दानी रु. २६,४८,४३९ तथा खर्च रु. १४,६९,६७८ तथा रु. ११,७८,७६१ मौज्दात बाँकी देखिन्छ। उल्लेखित कार्यविधि अनुसार कोषको रकम खर्च हुनुपर्दछ।

३९ **प्रेस सल्लाहकार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाइ सम्बन्धित आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने कानुनी व्यवस्था गरेको छ। निजामति सेवा ऐन २०४९ को दफा ७ (क) मा ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने सम्बन्धि व्यवस्था छ । सोहि ऐनको दफा ११(४) बमोजिम ६ महिना भन्दा बढी अस्थायी नियुक्ति गर्न नपाइने व्यवस्था छ । पालिकाले मिति २०७७ पौष १ गते मालती मोक्तानलाई एक वर्षको लागि प्रेस सल्लाहकारका रुपमा नियुक्त गरेको थियो । तर करार सम्झौता म्याद थप गर्दै हालसम्म पनि पालिकाले मालती मोक्तानलाई तलब भुक्तानी दिइरहेको छ । पालिकाले यो आर्थिक वर्षमा मालती मोक्तानलाई तलब वापतको रकम एकमुष्ट रु. १,१८,८०० भुक्तानी दिएको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	१,१८,८००

४० **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पूँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानुनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष कूल बजेट रू. ४८,७६,९७,००० मा रु. १,५०,९०,८०७ रकमान्तर भएकोमा चालु शिर्षकमा रू. ४८,३८,००० रकमान्तर भएको देखियो । एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो । कार्यपालिकाबाट भएको रकमान्तरको निर्णय सभाको मिति २०८१।३।१३ को निर्णयबाट अनुमोदन भएको देखियो।

४१ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ । पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा ६२ जना कर्मचारीहरु करारमा राखी रू. १,२५,२८,४४७ खर्च लेखेको छ । उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी पद निर्धारण छ । साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो । कानुन बमोजिम करार सेवाबाट पुर्ति गरीने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

४२ प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।त्यस्तै कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० को दफा ४२.(२) मा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नको सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आबश्यक व्यबस्था गर्न सक्ने व्यबस्था छ । पालिकाले यो वर्ष ६ कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रू. २,०६,१९१ तथा ७ प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता बापत रु. ३,६२,५०० समेत रु. ५,६८,६९१ भुक्तानी भएको छ । उक्त रकम भुक्तानी गर्दा आन्तरिक स्रोतबाट नगरी राजस्व वाँडफाँटबाट भुक्तानी गरेको छ । भत्ता प्रदान गर्दा कार्यविधि तथा मापदण्ड नबनाई सभाको/कार्यपालिकाको निर्णयबाट खर्च लेखेको देखियो। निश्चित मापदण्ड र कार्यविधि तयार गरी पालिकाको आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी भत्ता रकम भुक्तानी गर्नुपर्दछ।

४३ तलबी प्रतिवेदन

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश कितावखाना गठन नहुँदा सम्म प्रचलित कानुन बमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १९ कर्मचारीको रू. १,३२,३२,७३४ र पालिकाका २४ कर्मचारीको रु. १,३८,०४,८५४ समेत रु. २,६६,३७,५८८ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

४४ संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ११४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण ९२ पद पूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार रिक्त पदहरु सम्बन्धमा सेवा प्रवाहको स्थिति, प्रबिधिको उपयोग तथा सञ्चार र यातायातको थप सहजता समेतलाई ध्यान दिई पद सिर्जना तथा पदपूर्तिलाई समयानुकुल बनाउनुपर्दछ।

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा सुचिकृत १८०० बेरोजगार मध्ये यो वर्ष २१ योजना सञ्चालन गरी ८१ जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई रु. ५०,५२,००० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४६ **सुरक्षित नागरीक आवास**

सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि २०७५ को बुदा ५(७) र ५(८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलव्ध गराउनु पर्ने व्यवस्था छ । सोही अनुसार पालिकाको लागि छनौट भएका देहायका लाभग्राही निम्नानुसार अन्तिम किस्ता बाँकी रकमको सम्झौता बमोजिको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनु पर्दछ।

क्र.सं.	नामथर	वडा नं.	बाँकी रकम	भौचर नं.	कैफियत
१	मदन राई	५	३००००	३०४६७९३७	आ.व. २०८०-८१ मा प्रथम किस्ता भुक्तानी लिई अन्तिम किस्ता बाँकी
२	रिपुलाल राई	५	३००००	२८७५६७२५	
३	नरमाया थापा	७	३००००	२७१९८०३६	
४	बुद्धिराम थापा	१	३००००	३४२१३०४३	आ.व. २०८१-८२ मा प्रथम किस्ता भुक्तानी लिई अन्तिम किस्ता बाँकी
५	रोहन राई	२	३००००	३२८८५४८६	
६	मित्र बहादुर कार्की	२	३००००	३२८८५४८५	
७	खगेन्द्र बहादुर राई	२	३००००	३२८८५४८३	
८	सुमन राई	२	३००००	३२८८५४८७	
९	फुलमाया राई	२	३००००	३२८८५४८४	
१०	कुश बहादुर राई	३	३००००	३२८८५४७९	
११	खगेन्द राई	३	३००००	३२८८५४८०	
१२	मोन कुमारी राई	३	३००००	३२८८५४८१	
१३	बीरमाया राई	३	३००००	३२८८५४८२	
१४	नर बहादुर कार्की	४	३००००	३४२१३०३२	
१५	पूथीवल राई	४	३००००	३४२१३०३३	
१६	हिरा राई	४	३००००	३४२१३०३४	
१७	अशोक राई	५	३००००	३२८८५४८८	
१८	आश बहादुर राई	५	३००००	३२८८५४८९	
१९	चन्द्र राई	५	३००००	३२८८५४९०	
२०	डिग बहादुर राई	५	३००००	३२८८५४९१	
२१	चन्द्र कुमारी राई	६	३००००	३२५९०८७५	
२२	धन कुमारी राई	६	३००००	३२५९०८७६	
२३	पदम बहादुर राई	६	३००००	३२५९०८७७	
२४	रविन राई	६	३००००	३२५९०८७८	
२५	राज कुमार राई	६	३००००	३२५९०८७९	
२६	लक्ष्मण राई	६	३००००	३२५९०८८०	
२७	वाल कुमार राई	६	३००००	३२८८५३५६	
२८	सुकमित राई	६	३००००	३२८८५३५७	
२९	हेलेन कुमार राई	६	३००००	३२८८५३५८	
३०	कमल बहादुर माझी	७	३००००	३४२१३०४२	

	जम्मा रकम		९०००००		

प्रमाण पेश नगरेको	९,००,०००

४७ गाँउ सभा सदस्य विकास कार्यक्रम

सहिदभूमि गाँउपालिकाको बार्षिक बजेट, नीति तथा कार्यक्रम २०८१।८२ मा समावेश गरी गाउँ सभा सदस्य विकास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ बमोजिम खर्च गर्ने गरी गाँउ सभा सदस्य विकास कार्यक्रम प्रति गाउँ सभा सदस्य रु. १,००,००० का दरले जम्मा ३८ जनाको रु. ३८,००,००० विनियोजन भएको पाईयो । यस बर्ष उक्त कार्यक्कममा रु. ३५,२२,१३६ निकासा तथा खर्च भएको छ । जस अनुसार विपन्न जनता र समुदायलाई आर्थिक सामाजिक तथा भौतिक रुपमा अभिवृद्धि गर्ने लक्ष्य रहेकोमा यस बर्ष संचालन भएका कार्यक्रमहरुमा फुसको छानो हटाई टिनको छानो लगाउने, समूहलाई फर्निचर खरिद गर्ने जस्ता अनुत्पादक, लोकपृय, वितरणमुखी र अन्यकार्यक्रमसँग दोहोरोपना हुने गरी कार्यक्रम कार्यान्वियन गरेको पाईयो । यसमा सुधार हुनुपर्दछ।

४८ पेश्की व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू. ३१,१८,४७५ बाँकी रहेको देखिन्छ । यस बर्षको म्याद नाघेको फर्स्यौट गर्न बाँकी रु. २,४७,००० रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ।

सि. नं .	व्याक्ती / संस्था / कर्मचारी	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	म्याद नाघेको अल्याबाट ल्याएको	म्याद नाघेको फस्यौट हुनुपर्ने
१	कर्मचारी	२०८२।०३। २५	छात्रबृति कार्यक्रम	अधिकृत सातौ मनोज कुमार पौडेल		१९२०००
२		२०८२।०२। १५	अन्य सामाजिक सहायता	सहायक कम्प्युटर अपरेटर		५५०००
३	संस्थागत पेश्की	२०८२।३। २९	गैर आवासीय भवन निर्माण/खरिद	सहिद स्मृति प्रतिष्ठान समिति	२४२१४७५	
४	व्याक्तिगत पेश्की	गत बर्षको अल्या	विपन्नसंग अध्यक्ष कार्यक्रम	अमल बहादुर राई	३००००	
५		गत बर्षको अल्या	विपन्नसंग अध्यक्ष कार्यक्रम	अमिर बहादुर राई	३००००	
६		गत बर्षको अल्या	विपन्नसंग अध्यक्ष कार्यक्रम	टिकाराम राई	३००००	
७		गत बर्षको अल्या	विपन्नसंग अध्यक्ष कार्यक्रम	पुरण बहादुर राई	३००००	
९		गत बर्षको अल्या	गैर आवासीय भवन निर्माण/खरिद	आईत वहादुर माझी	३००००	
१०		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	चन्द्र कुमारी वि.क.	३००००	
११		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	देवेन्द्र कुमार राई	३००००	
१२		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	जीवन राई	३००००	
१३		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	नेत्र वहादुर राई	३००००	
१४		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	नर वहादुर सार्की	३००००	
१५		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	मैत राज राई	३००००	
१६		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	मदन गदाईली	३००००	
१७		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	राम वहादुर राई	३००००	
१८		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	लोक वहादुर राई	३००००	
१९		गत बर्षको अल्या	अन्य सार्वजनिक निर्माण	सुर्य वहादुर कार्की	३००००	

				जम्मा	२८७१४७५	२४७०००

पेश्की	२,४७,०००

४९ **साझा सुविधा केन्द्र निर्माण**

२२२- २०८२।३।२४ पालिकाले साझा सुविधा केन्द्र निर्माणको लागी प्रधानमन्त्रि रोजगार कार्यक्रबाट रु. ८,०१,६००।- पालिका चालुशिर्षकबाट रु. ५,००,००० र मेडेफबाट रु. ५,००,००० समेत रु.१०,००,००० को लागत अनुमान तयार गरी गोल्डमाइन कन्ट्रक्सन प्रालिसँग संझौता गरी रु. ९,७८,३४८ मा कार्यसम्पन्न भइ सोही बमोजिम रकम भुक्तानी भएको पाइयो । मेडेफ संचालन निर्देशिका २०७० अनुसार जिल्ला उद्यम विकास समितिले अनुसूची १ (क) बमोजिम सम्भाव्यता अध्ययन गराउनु पर्ने, प्राप्त स्रोतको उपलब्धताको आधारमा साझा सुविधा केन्द्र निर्माण गर्दा सम्भव भएसम्म शिशु स्याहार कक्ष, खानेपानीको व्यवस्था तथा लैङ्गिक/अपाङ्ग मैत्री शौचालय समेतको व्यवस्था गर्नुपर्ने उल्लेख छ। साझा सुविधा केन्द्रको स्थापना पश्चात यसलाई सम्बन्धित निकायमा प्रचलित कानुन बमोजिम दर्ता गराई कानुनी दायरामा ल्याउन (Legalisation of Common Facilty Center) व्यवसाय विकास सेवा प्रदायक संस्थाले आवश्यक सहजीकरण गर्ने, साझा सुविधा केन्द्र दर्ता प्रक्रिया अनुसूची ९ (ख) बमोजिम हुने र साझा सुविधा केन्द्रको स्थापना, संचालन र व्यवस्थापनको लागि कार्यविधि बनाई लागु गर्न सकिने प्रावधान रहेको छ । शिशु स्याहार केन्द्र, खानेपानी तथा शौचालय नभएको र लागत अनुमान आंशिक मात्र तयार गरेकोले हाल भवन पूर्ण रुपमा निर्माण हुन नसकेको कारण सुविधा केन्द्र हस्तान्तरण नभएको तथा कार्यविधि बनाई लागु गरेको पाइएन । निर्देशिका अनुसार साझा सुविधा केन्द्र निर्माण तथा संचालन हुनुपर्दछ।

५० **संस्था छनौट प्रकृया**

१५- २०८१।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । मेलमिलाप तालिम संचालन वापत गरिवी निवारण तथा ग्रामिण विकास कार्यक्रमलाई रु. २,९७,५२९ भुक्तानी भएकोमा सो संस्था छनौटको कागजात पेश नभएको खर्च पुष्टि हुने प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	२,९७,५२९

५१ **स्पेशिफिकेसन एवं परिमाण भिडान**

९०।२०८१।१०।२९ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित स्पेसिफिकेशन, गुणस्तर र परिमाण तोकिए बमोजिम भए नभएको परिक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले पिण्डेश्वरी प्रिन्टर्सबाट म्याथ र नेपाली पुस्तक खरिद गरि भण्डार दाखिला प्रतिबेदन तयार गरेको पाइयो। उक्त मालसामानहरु तोकिएको स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा सुनिश्चित हुन परिक्षण एवं भिडान गरि सोको प्रतिवेदन तयार गरेको छैन। यसबाट स्पेशिफिकेसन बमोजिम तोकिएकै परिमाण र गुणस्तर बमोजिम आपुर्ति भएको एकिन गर्न सकिएन। कार्यालयले स्पेशिफिकेसन एवं परिमाण मिडान गरेर मात्रै जिन्सी दाखिला गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	२,७९,९६०

५२ **परामर्श सेवाको लागत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ।तर पालिकाले देहायका कार्यक्रम परामर्श सेवाबाट खरिद गरेकोमा सोको लागत अनुमान तयार गरेको नपाइएकोले उत्त खर्च नियम सम्मत देखिएन।

भौ. नं . र मिति	कार्यक्रमको नाम	संस्थाको नाम	रकम
२२५-३।२४ संघिय चालु	स्वास्थ संस्थाको सामाजिक परीक्षण	गरिवी निवारण तथा ग्रामिण विकास कार्यक्रम	१७८५४०
१५-३।२१ प्रदेश चालु	मेलमिलाप तालिम	गरिवी निवारण तथा ग्रामिण विकास कार्यक्रम	२७९५२९

अनियमित भएको	४,५८,०६९

५३ पालिका चालु तर्फ

पालिका चालु तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

५३.१ **स्थायी सामान जिन्सी दाखिला -** सार्वजनिक सम्पतिको बर्गीकरण अनुसार बढी मुल्य पर्ने तथा दीर्घकालिन रुपमा प्रयोगमा आउने एवं पूँजी निर्माण गर्ने प्रकृतिका सामग्री तथा सम्पतिलाई खर्च नहुने जिन्सी खातामा राख्नुपर्दछ । जिन्सी श्रेस्ता परीक्षणको क्रममा पालिकाले खर्च भएर नजाने जिन्सी सामग्री पनि खर्च भएर जाने जिन्सी खाता म.ले.प.फा.नं.४०७ मा दाखिला गरेको पाइयो । यसैगरी खर्च जनाउन नमिल्ने कतिपय जिन्सी सामग्रीको पनि खर्च जनाएको देखिन्छ । अतः यस्ता सम्पत्ति तथा सामग्रीहरू म.ले.प.फा.नं. ४०८ (खर्च भएर नजाने जिन्सी खाता) मा दाखिला गरेको वा अन्य निकाय एवं संस्थालाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्दछ।

क्र.सं.	नम्वर	सामानको नाम	संख्या	रकम	कैफियत
१	६१६१११००१३७	फोटोकपी मशिन	१ थान	४२३७५	
२	६१६१११००२२२	स्पिकर	६ थान	३०१२०	
३	६१६११३१००९६०	काठको टि-टेवल	१ थान	५८९७	
४	६१६११३१०३०८७	ट्याङ्की	१ थान	११३००	
५	६१६११३३०३९७०	पोली ट्याङ्की	३ थान	३१६४०	चालु आ.व. मा खर्च देखाएको १४ वटा
६	६१६११३६०४६४८	कुर्सी (boss)	१ थान	२२३७४	मुल्य रू. १६, ७२४.०० को १ थान चालु आ.व. मा खर्च देखाइएको
७	६१६११३६०४६८२	कुर्सी (Chair)	६ थान	४४०७०	
८	६१६११३६३२०८४	सोकेश र्‍याक	४ थान	२,०२, २७०.००	
९	६१६११३६३२०८५	सोकेश दराज	१ थान	१७६९६	
१०	६१६११३६३२१६७	सोफा सेट	४ थान	७३६७६	चालु आ.व. मा खर्च देखाएको
११	६१६११३९००७०७	Dumb bell Set	१ सेट	४८०००	चालु आ.व. मा खर्च देखाएको
१२	६१६११३६३२७१५	स्टुल Stool	३ थान	५४२४	चालु आ.व. मा खर्च देखाएको
१३	६१६११३६३२१६७	सोफा सेट	४ पिस	७३६७६	चालु आ.व. मा खर्च देखाएको
१४	६१६११३६२६६६३	र्‍याक (Open)	४ थान	८०४६०	चालु आ.व. मा खर्च देखाएको
१५	६१६११३६१०८०६	टेबल	१ थान	५६५०	चालु आ.व. मा खर्च देखाएको
१६	६१६११३६०९३६९	जाली कुर्षी	३ थान	३७२९०	चालु आ.व. मा खर्च देखाएको
१७	६१६११३६०३६५६	काठको टी -टेवल	७ थान	५९४३८	चालु आ.व. मा खर्च देखाएको
१८	६१६१११००२२८	इ-हाजिरी मशिन	७ थान	१६३५११	चालु आ.व. मा खर्च देखाएको
				९, ५४, ८६६.५४	

प्रमाण पेश नगरेको	९,५४,८६६.५४

५३.२

बढी जिन्सी मौज्दात रहेको - सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले सामग्री खरिद गर्दा खरिद आवस्यकता पहिचान गरेर मात्र खरिद गर्नुपर्ने ब्यवस्था छ । पालिकाको जिन्सी मौज्दात परीक्षण गर्दा तपशिलमा उल्लेखित सामग्रीहरूको अधिक मौज्दात रहेको देखियो । यसरी आवश्यकता बेगर ठूलो मात्रामा सामग्री खरिद गरी लामो समय सम्म राख्दा उक्त सामग्रीको उपयोगिता तथा गुणस्तरमा ह्रास आउने सम्भावना रहन्छ।अतः पालिकाले आगामी दिनमा यस्ता सामग्रीको आवश्यकता यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

क्र.सं.	सामग्री संकेत नं.	सामाग्रीको नाम	परिमाण	मुल्य
१	६१६११३३०७८७७	एच.डि.पि.इ. पाइप	१४७७५ मि.	५९१,६७६.७६
२	६१६११३६०१२३४	उलन धागो	३८४.८४ के.जि.	५००३०३.०७
जम्मा				१०९१९७९.८३

५३.३ **प्रमाण पेश गर्नुपर्ने** - आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपशिलमा उल्लेखित कारोबारमा विल, भर्पाइ तथा अन्य प्रमाण संलग्न गरेको पाइएन ।अत तालिकको कैफियत महलमा उल्लेख भए बमोजिमको प्रमाण पेश गर्नुपर्दछ।

भौ नं/मिति	खर्च शीर्षक	फर्म तथा संस्था	रकम	कैफियत
९२/२०८१।९।१७	पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च	लालिमा मल्टी कम्पनि प्रा.लि.(६१०५००२३१)	९२९४२	सक्कल विल पेश गर्नुपर्ने(२०/०८१।९।९)
१४३/०८१।९।२६	पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च	नेपाल राष्ट्रीय कर्मचारी संगठन निजामति	२५०००	सक्कल विल पेश गर्नुपर्ने (२९५/०८१।९।२४)
३५३/२०८२।३।१६	सवारी साधन मर्मत तथा वीमा	सवारी साधनको विमा बापत	९०४७७	रसिद पेश नभएको
३५३/२०८२।३।१६	सवारी साधन मर्मत तथा वीमा	केशरी चन्द भन्वारलाल विराटनगर	२१२२३४	सक्कल विल पेश गर्नुपर्ने
३९५/३।२१	सवारी साधन मर्मत खर्च	रोमन अटोट्रेडर्स, विराटनगर	८०४५८	सक्कल विल पेश गर्नुपर्ने (०४९३/०८२।३।१)
४२०/२०८२।३।२२	पालिका चालू	सामुदायिक विकास तथा परिवर्तन केन्द्र नेपाल धनकुटा	२९८,८८५	यसमा के कति टोलविकास संस्था गठन गर्ने र प्रति टोल विकासस संस्था गठन लागत कति हुने भन्ने पूर्व संझौता नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने
१४४/२०८१।९।२६	पालिका चालू	पब्लिक रिसर्च सेन्टर धनकुटा ७ जिरोप्वाइन्ट	४९७०००	सहिदभूमि गाउँपालिकाको आवधिक उद्यम विकास रणनीति योजना (२०८१ / ८२ - ०८५ / ८६) निर्माण को जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने
		जम्मा	१२९७००६	

प्रमाण पेश नगरेको	१२,९७,००६

५३.४

ठेक्का मुल्याङ्कन बैठक भत्ता - ४१/२०८१।६।१२- अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुंदा ४५(१) मा बैठकको आवश्यक्ता, औचित्यता र उपयुक्तता लगायतका बिषयवस्तु स्पष्ट भएको हुनुपर्ने ब्यवस्था छ । सोही बुंदाको ६ मा बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्ति राख्न नपाईने तर विशेज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन (३) जनासम्म मात्र आमन्त्रित सदस्यालाई भत्ता प्रदान गर्न सकिने व्यबस्था गरेको देखिन्छ । पालिकाले construction of Health post (CIN:-01-SAHIDBHUMI/HP/81/82) एक(१) ठेक्काको मुल्यांकनका लागि निम्न पदाधिकारीहरुले ७ वटा सम्म बैठक भत्ता लिएको देखिन्छ । कुनै एक ठेक्काको मुल्यांकनका लागि ७ वटा सम्म बैठक भत्ता लिएको देखियो। सो ठेक्काको प्राविधक मूल्याकंन वापतको एक पटक र आर्थिक मूल्याकंनको एक पटक गरी मूल्याकंन गर्न सकिने अवस्थामा सोको आवश्यक्ता तथा औचित्यता बेगर एक ठेक्काको ७ पटकसम्म को बैठक भत्ता भुक्तानी गरेको देखियो ।अतः २ पटक सम्मको बैठक भत्ता भुक्तानी हुनुपर्नेमा थप बढी ५ वटा बैठकको भुक्तानी गरेको रकम सम्बन्धित कर्मचारीहरुबाट असुल हुनुपर्दछ।

सि. न.	भुक्तानी पाउने	मुल्याङ्कन समितिमा जिम्मेवारी	बैठक सख्या	बैठक रकम दर	जम्मा रकम	बढी देखिएको बैठक संख्या	कर कट्टी पश्चातको रकम असुल गर्नुपर्ने	कैफियत
१	प्र.प्र.अधिकृत नविन कार्की	संयोजक	७	१२००	८४००	५	५१००	
२	इञ्जिनियर शरद पण्डित	सदस्य	७	१२००	८४००	५	५१००	
४	खापासटे निशल राई	सदस्य	७	१२००	८४००	५	५१००	
५	अधिकृत सातौं नविनराज भट्टराई	सदस्य सचिव	७	१२००	८४००	५	५१००	
६	सहायक पाँचौं अरविन्द केसी	आमन्त्रित	६	१२००	७२००	४	४०८०	
७	खापासटे विष्णु सापकोटा	आमन्त्रित	६	१२००	७२००	४	४०८०	एउटै विषयको लागि पटक पटक बैठक बसी आवस्यता भन्दा बढी बैठक भत्ता भुक्तानी भएको
८	खरिदार पदम प्रसाद दाहाल	आमन्त्रित	३	१२००	३६००	१	१०२०	
९	सव इञ्जिनियर आसिष तामाङ्	आमन्त्रित	३	१२००	३६००	१	१०२०	
						जम्मा	३०६००	

असुल गर्नुपर्ने	३०,६००

५३.५ **जिन्सी दाखिला नभएको** - आर्थिक कार्यबिधि तथा बितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत

अद्यावधिक गरी राख्नुपर्ने कानुनी ब्यबस्था रहेको छ जिन्सी दाखिला गर्नुपर्ने प्रावधान छ। पालिकाले तपशीलमा उल्लेखित सामाग्रीहरू जिन्सी खातामा आम्दानी जनाएको देखिएन । अतः यस्ता सामग्री अनिवार्य रुपमा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ।

सि नं	भौ नं/मिति	संस्थाको नाम	सामग्रीको विवरण	मुल्य	कैफित
१	२०९/२०८२।१।१४	जलकन्या देवी प्राथमिक विद्यालय वार्ड नं ३	फर्माइका सहितको फलामको डेस्क बेञ्च १६ सेट	१,४६,४४८	म ले प फा न ४०८ मा दाखिलाको विवण पेश गर्नुपर्ने
२	२५८/२०८२।२।६	सभूगापा वडा नं ६	Trolly speaker -MX 1905, 20” speaker double	२४,८६०	म ले प फा न ४०८ मा दाखिलाको विवण पेश गर्नुपर्ने
३	४४३/२०८२।३।२४	सहिद भूमि गाउपालिका	Dell i5 12th gen 8gb/256gb Desktop computer	७३७८९	म ले प फा न ४०८ मा दाखिलाको विवण पेश गर्नुपर्ने
४			मिलन फर्निचरबाट खरिद भएको विभिन्न ७ थान फर्निचर	९९१०१	म ले प फा न ४०८ मा दाखिला वा हस्तान्तरण भएको प्रमाण पेश गर्नपर्ने
जम्मा				३४४१९८	

प्रमाण पेश नगरेको	३,४४,१९८

५३.६ **वितरणमुखी तथा अनुत्पादक खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ । वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सीमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ ।यो वर्ष पालिकाले देहाय अनुसारका कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानीमा उल्लिखित व्यवस्था अनुसार उपलब्धिमुलक भएको देखिएन ।अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्दछ। केही उदाहरण

गो भ नं/मिति	बउसि नं/स्रोत	भुक्तानी पाउने	भुक्तानी रकम	सहायता तथा कार्यक्रम एवं प्रयोजन	कैफियत
२९७/२०८२।२।२९	सहिद प्रकाश थापा स्मृति ट्रस्ट भलिबल खेलकुद प्रतियोगिता आयोजना/ नेपाल सरकार राजश्व बाँडफाँड	सहिद प्रकाश थापा स्मृति ट्रस्ट वडा नं १	१९७५००	सहिद प्रकाश थापा स्मृति कप अन्तरपालिका खुला पुरुष भलिवल प्रतियोगिता २०८१ संचालानार्थ	
४२८/२०८२।३।२३	शहिदभूमि गाउँपालिका भित्र पर्यटन प्रबर्द्धन तथा अन्य कार्यक्रम	नेपाल घरेलु तथा साना उद्योग महासंघ	५००००	२०८२ बैशाख २३ देखि जेष्ठ ५ सम्म संचालित औद्योगिक प्रदर्शनीमा सहयोग बापत	
४३१/२०८२।३।२३	युवा तथा खेलकुद कार्यक्रम सामाग्री खरिद/नेपाल सरकार	विशाल राई वडा सचिव वडा नं २	१२१,२५०	तेस्रो सहिदभूमि गा पा अध्यक्ष कप पुरुष तथा महिला भलिवल प्रतियोगिता २०८२ मा वडा नं २ बाट खेलाडी सहभागी गराउने प्रयोजनार्थ	सम्पूर्ण रकम खाना तथा खाजा खर्चमा भुक्तानी भएको र ब्यक्तीलाई भुक्तानि भएको छ।

५३.७ **अन्य कार्यालयको खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन ।

पालिकाले पालिका चालु शीर्षकबाट विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाईयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्तो खर्च नियमसम्मत देखिएन।

सि. नं .	गो. भौ ./ मिति	बजेट स्रोत	अन्य कार्यालयको नाम	कामको बिवरण	भुक्तानी रकम	कैफियत
१	१५६/०८१।१०।२८	राजश्व बाँडफाँड संघीय सरकार	सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गुल्म हे.क्वा. छिन्ताङ्ग धनकुटा	विष्फोटक पदार्थ भण्डारणको लागि बंकर निर्माणार्थ रंगिन जस्तापाता खरिद तथा फिटिङ्ग	५३,३९२	सेती गंगा गृल उद्योग धनकुटालाई भुक्तानी भएक
२	२६४/२०८२।२।१४	राजश्व बाँडफाँड संघीय सरकार	जिल्ला हुलाक कार्यालय, धनकुटा	बा १ झ ८५७० नं को महिन्द्रा बोलेरो गाडी मर्मत बापत	१५५,५००	मर्मत बापत एन एस अटो मोवाइल्स इटहरी ५ सुनसरीलाई भुक्तानी भएको
३	२५४/२०८२।२।१५	नेपाल सरकार	नेपाल रेडक्रस सोसाइटी उपशाखा छिन्ताङ	काठको कुर्सी, आराम चेयर तथा टि टेवल खरिद	२४,९७३	सजल विटवोर्ड तथा फर्निचर उद्योग धनकुटा ६ लाई भुक्तानी
४	४६४/२०८२।३।२५	नेपाल सरकार	मदन आश्रित प्रतिष्ठान धनकुटा	चामल ब्याग लगायतका सामाग्री खरिदगरेको	१००,०००	सामग्रि वितरणको भरपाइ पेश नभएको
जम्मा					३३२८६५	

अनियमित भएको	३,२२,८६५

५३.८ **परिश्रमिक कर** - ३६३/२०८२।३।१७ पालिकाले धनकुटा हिले निवासी मालती मोक्तानलाई प्रेस संयोजकमा नियुक्ती गरी मासिक रु १०००० का दरले बार्षिक रू. १२०००० भुक्तानी गरेको छ ।लेखपरीक्षणको क्रममा कर्मचारिको हाजिरी खाता परीक्षण गर्दा निजले नियमित हाजिरी गरेको देखिएन । यसरी नियमित हाजिरी विना भुक्तानी भएको परामर्श सेवामा १५ प्रतिशत कर कट्टी गरेको पनि देखिएन। अतः रू. १२०००० को १५ प्रतिशतले हुने रकम रू. १८००० मा अग्रिम कट्टी भएको रकम रू. १२०० घटाइ बाँकी रकम रू. १६८०० सम्बन्धित प्रेस संयोजकबाट असुल हुनुपर्दछ।

असुल गर्नुपर्ने	१६,८००

५३.९ **परामर्श खर्च** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डि.पी.आर तथा अन्य कार्यहरुको अध्ययन, अनुसन्धान र परमर्श सेवा प्राप्त गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्नुपर्दछ। । डि.पी.आर. तथा अध्ययन प्रतिबेदन तयार गर्दा कार्यालयको प्राविधिक तथा बिषयगत जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक तथा बिषयगत जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार परामर्शदाताबाट कार्य गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र अन्य प्रतिबेदनहरुलाई कार्यान्वियनमा लैजान पालिकाले ध्यान दिनु पर्दछ।पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र यस्ता बिषयगत प्रतिबेदन तयार गर्ने र आवश्यकता बेगर प्रतिबेदन बनाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यसका केही उदाहण निम्नानुसार छनः

सि.नं.	गो.भौ./ मिति	परामर्शदाताकोनाम	अध्ययनको बिषय	विनियोजित बजेट	परामर्श सेवाको लागत (मू.अ.करसहित)	भुक्तानी रकम (मू.अ.करसहित)
१.	३८२/ २०८२। ३।१९	मेची पोलिटेकक्निकल इन्स्टिच्युट प्रा.लि.दमक झापा	कम्प्युटर(अफिसप्याकेज) तालिम संचालन गरेको	५०००००	४९६०९७	४९६०७०
२	३८३/ २०८२।। ३।१९	लालीगुराँस मल्टी टेक्निकल इन्स्टिच्युट प्रा.लि. विराटनगर	होटल व्यवसायी तथा युवा लक्षित आधार भूत कुक तालिम	५०००००	४९५०००	४९५०००
३	३८७/ २०८२। ३।२०	दुधकोशी टेकक्निकल ट्रेनिङ एण्ड कन्सल्टेन्सी धरान सुनसरी	आधारभूत इलेक्ट्रिसियन तालिम, हाउस वायरिङ, वडानं१(१महिने)	५०००००	४८००००	४८००००
४	४१७/ २०८२।३। २२	खाल्सा मिडिया रिसर्च सेन्टर प्रा.लि. धनकुटा	सार्वजनिक सुनुवाइ आ. व. ०८१/ ८२	५०००००	४९७२००	४९७२००
५	४२०/ २०८२।३। २२	सामुदायिक विकास तथा परिवर्तन केन्द्र नेपाल धनकुटा	टोलविकास संस्था गठन तथा परिचालन	३०००००	२९८,८८५	२९८,८८५
६	४३७/ २०८२।३। २३	एसके ट्रेनिङ सेन्टर विराटनगर	महिला समूहको लागि सीप विकास तालिम अन्तर्गत वडानं १ मा सरफ बनाउने तालिम संचालन	२०००००	१९७०००	१९७०००
७	४९/ २०८२।३। २३	एसके ट्रेनिङ सेन्टर विराटनगर	फरक क्षमता भएको ब्यक्ती तथा उसको परिवारको लागि चप्पल बनाउने तालिम संचालन कार्यक्रम	१६५०००	१६१०००	१६१०००
८	१४४/ २०८१।९। २६	पब्लिक रिसर्च सेन्टर धनकुटा ७ जिरो प्वाइन्ट	सहिदभूमि गाउँपालिकाको आवधिक उद्यम विकास रणनी तियोजना (२०८१/ ८२-०८५/ ८६) निर्माण	५०००००	४९८६९५	४९७०००
९	३३३/ २०८२। ३।१३	समाज रुपान्तरण मिडिया हाउस प्रा.लि. कटहरी मोरङ	सहिद भूमि गा पा को भौतिक विकास पूर्वाधार सेरोफेरो कार्यक्रम	१५००००	१५००००	१५००००
१०	४२८/ २०८२।३। २३	छथर मिडिया प्रा.लि. धनकुटा	पर्यटकीय स्थलको भिडियो निर्माण	१५००००	१५००००	१५००००

५३.१० **वितरणको भर्पाइ पेश नभएको** - पालिकाले तपसीलमा उल्लिखित खर्च शीर्षक र कार्यक्रमबाट २९८६१८ मुल्य बराबरका देहाय बमोजिमका सामाग्री वितरणको लागि खरिद गरेको देखिन्छ । श्रेस्ता परीक्षणको क्रममा यस्तो सम्पूर्ण सामाग्रीको माग फाराम तथा खरिद पश्चात सामाग्रीको हस्तान्तरण भएको भर्पाइ पेश हुन सकेन । जिन्सी परीक्षण गर्दा यस्तो सामाग्रीको मौज्दात समेत देखिएन । अत पालिकाले उक्त सामाग्रीको माग फाराम र हस्तान्तरणको भरपाइ पेश गर्नुपर्दछ।

सि नं	भौ नं र मिति	खर्च शीर्षक	सामाग्रीको नाम	थान	मुल्य(मु.अ.कर सहित)	कैफियत
१	४३१/२०८२।३।२३	दलित लक्षित कार्यक्रम	अधिकारी ट्रेडर्स देव्रेबास धनकुटाबाट खरिद गरिएका विभिन्न किचन सामाग्री	६	४९२६८	हस्तान्तरण भएको भरपाइ तथा प्रयोगको अवस्था खुल्ने प्रमाण पेश गर्नुपर्ने
२	४१८/२०८२।३।२२	अखुवाटार युवा क्लव ब्यायाम सामग्री खरिद	अप्टिमम फिटनेस प्रा.लि. इटहरीबाट खरिद गरिएका विभिन्न व्यायाम सामग्री	७	२४९३५०	हस्तान्तरण भएको भरपाइ तथा प्रयोगको अवस्था खुल्ने प्रमाण पेश गर्नुपर्ने
जम्मा					२९८६१८	

प्रमाण पेश नगरेको	२,९८,६१८

५३.११ **मु. अ. कर असुली** - ४७८/२०८२।३।२५ मु.अ.कर ऐन,२०५२ बमोजिम रू. २० हजार भन्दा माथिको भुक्तानीमा अनिवार्य भ्याट विल लिनुपर्ने व्यस्था छ । यसरी भ्याट विल नभएको संस्थासँग कारोबार गर्नुपर्दा आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने उल्लेख छ । पालिकाले किराँत साकेला नाच प्रबर्द्धन कार्यक्रम अन्तर्गत साकेला टेक्निकल एकेडेमी प्रा.लि. धरानलाई रू. १४०,००० भुक्तानी गर्दा भ्याट विल लिएको देखिएन ।यसरी भ्याट विल नलिएको अवस्थामा १५ प्रतिशतले हुने कर रकम रू. २१००० मा अग्रिम कर कट्टी भएको रकम रू.१३८२ घटाइ बाँकी रकम रू. १९,६१८ असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१९,६१८

५३.१२ **सवारी साधनको नम्बर प्लेट** - सहिदभुमी गाँउपालिकाको कार्यसञ्चालन निर्देशिका २०८० को ९(७) मा सरकारी नम्बर प्लेटमा निजी नम्बर राखिने छैन भन्ने व्यवस्था रहेको छ । पालिकाले देहायका निजी नम्बर उल्लेख भएका सवारी साधनमा बिमा तथा नविकरण वापतको रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले साविक गाउँ बिकास समितिको कार्यालयलाई प्राप्त भएका मोटरसाईकल रहेको जनाएपनि सो को प्रमाण कागज पेश भएन । अत: सार्वजनिक निकायको सवारी साधनको नम्बर प्लेट सरकारीकरण गरेको अभिलेख उपलब्ध भएन साथै कार्यसञ्चालन निर्देशिका विपरीत देहायका निजी नम्बरको सवारी साधनको लागि भएको खर्च नियमसम्मत देखिएन।

क्र.स.	मोटरसाईकल नं.	विमा रकम	नविकरण रकम	कुल
१	को २७ प ३५१४	१७०५	५३००	७००५
२	को २९ प १२८४	१७०५	५३००	७००५
३	को २९ प ५५०१	१७०५	३३००	५००५
४	को २५ प ७७०६	१७०५	३३००	५००५
५	को २५ प ७७१०	१७०५	३३००	५००५
जम्मा				२९०२५

अनियमित भएको	२९,०२५

५३.१३ **असान्दर्भिक खर्च** - २७३/२०८२।२।२० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस बर्ष कार्यालय संग असम्बन्धित

ब्यक्ती ध्रुव कुमार थापालाई रू. ५००० भुक्तानी गरेको छ । पेश भएको विल भरपाइ परीक्षण गर्दा सुर्ति जन्य बस्तु तथा अन्य पेय पदार्थ खरिदका बिल पेश भएको पाइयो । सार्वजनिक कोषबाट यस्ता औचित्य हिन तथा असान्दर्भिक विषयमा भएको खर्च नियमसम्मत देखिएन।

अनियमित भएको	५,०००

५४ स्वास्थ्य तर्फ

स्वास्थ्य तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

५४.१ **कृषि अनुदानको उपयोग** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले यस बर्ष देहाय बमोजिम कृषि अनुदानमा रु. १६,८७,५०० र पशु अनुदान तर्फ रु. ३०,६१,४६० गरी जम्मा रु. ४७,४८,९६० अनुदान उपलब्ध गराएको पाईयो। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धीको मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीयतहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान रकम सार्वजनिकीकरण गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । उल्लिखित अनुदानको वितरणको बिवरण देहाय बमोजिम रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ५४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५४.२ **न्यानो झोला कार्यक्रम** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरीने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।८१ को बाँकी ५ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक बर्षमा ६० न्यानो झोला खरिद गरी ६५ वटा मौज्दात रेहकोमा । पालिका अन्तर्गत रहेका २ वटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका ५३ जना सुत्केरी आमाहरुलाई ५३ वटा बितरण गरी पालिका र पालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरमा १२ वटा मौज्दात रहेको पाईयो तथा स्वास्थ्य शाखामा २५ वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५४.३ **जिन्सी मौज्दात जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५.(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version 2 (PAMS V2) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version 1 मा बाँकी रहेको २० प्रकारका ६६०९० वटा रु ६,८५,८४९ मुल्यका औषधिहरु मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन। जिम्मेवारी नसार्दा जिन्सी सामानको उच्चतम सदुरुपयोग हुन नसक्ने अबस्था रहने हुँदा सबै जिन्सी सामानको जिम्मेवारी सारी प्रमाण पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	६,८५,८४९

५४.४ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य

सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्महरुबाट रु. १९,७६,६१०.४८ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

भौ न मिति	औषधी आपुर्तिकर्ता	औषधी खरिद रकम	विनियोजित बजेट
२८/२०८१।०६।२२	केबलेश्वर मेडिसिन्स	९९८६३९	१०९३०००
३४४/२०८२।०३।१५	भारद्वाज औषधालय	९७७९७१.४८	१००००००
जम्मा		१९७६६१०.४८	९२९३०००

५४.५ **वेभसाइटमा खर्च सार्वजनिकरण** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ । सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १५ जनाको लागि रु. ७८५००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ।

५५ **आन्तरिक आय तर्फ**

आन्तरिक आय तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

५५.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू. ७०,००,००० आय प्राप्त गर्ने अनुमान गरेकोमा रू. ५०,६४,२९२.६८ मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ७२.३५ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ५५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५५.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदान (समानिकरण अनुदान र राजस्व बाँडफाँटको योग)	आन्तरिक आय रु.	आन्तरिक आय प्रतिशत
३८,७२,५६,९०७	५०,६४,२९२	१.३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३० प्रतिशत मात्र रहेको छ। वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

५५.३ **आय प्राप्तिको अबस्था** - यस पालिकामा बिगत ३ बर्षको राजश्व असुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

आर्थिक बर्ष	असुली रकम
२०७९।८०	४३५०३३४.९
२०८०।८१	४०९९६०९.८७
२०८१।८२	५०६४२९२.६८

उक्त तालिका अनुसार राजश्व असुलीको अवस्थालाई अध्ययन गर्दा आर्थिक बर्ष २०७९।८० रु. ४३,५०,३३४.९९ राजस्व संकलन भएकोमा आर्थिक बर्ष २०८०।८१ रु. ४०,९९,६०९.८७ मात्र असुल भई ५.७६ प्रतिशतले घटी असुल भएको छ । आय बृद्धिका लागि करको दायरा बढाउदै असुली रकम बृद्धिका लागि पालिकाले निरन्तर अनुगमन मुल्याँङ्कन सहितको प्रयास जारी रहनुपर्दछ।

५५.४ **नदीजन्य पदार्थमा रोयल्टी** - ढुङ्गा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा न ९ मा जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा ९ सदस्यीय अनुगमन समिति रहने र सो समितिले पालिका अन्तर्गको नदीजन्य पदार्थ उत्खननको अनुगमन गर्नुका साथै सम्बन्धित पालिकाले समेत नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिकाबाट प्राप्त जानकारी अनुसार उल्लिखित कानुनी व्यवस्था अनुसार पालिका अन्तर्गतका कुनै पनि ठेक्का लगाएको पाईएन।

५५.५ **वन पैदावार विक्री** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनुपर्दछ।

५५.६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २,८९,६०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

५६ **शिक्षा तर्फ**

शिक्षा तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

५६.१ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ।निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३९ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको विवरण निम्नानुसार छन।

क्र सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	विद्यार्थी संख्या	शिक्षक- विद्यार्थी अनुपात
१	राजदेव प्रावि, पोक्ला	२	२	४१	२१
२	संसारी प्रावि, बरभञ्ज्याङ्ग	१	१	३६	३६
३	टपुदेवी मावि, चाम्चा	१४	१४	१६०	११
४	ठाकुरदेवी मावि, थलथले	२०	२०	४११	२१
५	आइतबारे प्रावि, पाखाटोल	१	१	२३	२३
६	जनसेवी प्रावि, चिम्रहा	१	१	२२	२२
७	बुढाहाङ्ग प्रावि, सुकेआहाल	३	३	३२	११
८	पञ्चवती प्रावि, बरबोटे	३	३	३६	१२
९	सिद्धठाकुर आवि, माम्फिङ्ग	७	७	८०	११
१०	सिद्धदेवी मावि, सात्तिङ्गटार	१३	१३	१९७	१५
११	कंकेश्वरी प्रावि, माङ्त्तिन	१	१	११	११
१२	सरस्वती प्रावि, ढोलमुखा	१	१	१७	१७
१३	समुदाय प्रावि, कागुने	३	३	२९	१०
१४	सौभाग्य प्रावि, सफाइटार	१	१	३९	३९
१५	अनिवार्य निशुल्क आवि, टाकुरे	९	९	१६४	१८
१६	आदर्श मावि, सफाई धाप	१९	१९	२६८	१४
१७	अजम्बरी प्रावि, योङविराङ्	१	१	२२	२२
१८	अनिवार्य निशुल्क मावि, सिम्ले	१३	१३	१७२	१३
१९	अनिवार्य निशुल्क आवि, घँघरू	७	७	८७	१२
२०	जाल्पादेवी आवि, मुलगाउँ	९	९	११४	१३
२१	जनसेवा प्रावि, ललहनीटनर	३	३	३१	१०
२२	जलकन्यादेवी प्रावि, लुङ्लेन	३	३	६४	२१
२३	जनकल्याण नौलोविहानी प्रावि, हाङ्गगुवा	१	१	१७	१७
२४	वालिङ प्रावि, गोपालपुर	१	१	२४	२४
२५	छिन्ताङ्ग माध्यमिक विद्यालय, साम्बुगाउँ	१८	१८	४२८	२४
२६	छिन्ताङ्देवी प्रावि, डाँडागाउँ	१	१	४८	४८
२७	मिलन प्रावि, पाङ्नाम	३	३	५३	१८
२८	शिशुसेवा प्रावि, सीर्[illegible]	१	१	१२	१२
२९	चन्द्रोदय प्रावि, लामभन्ज्याङ	२	२	४१	२१
३०	शुभकमल आवि, दुरूमटार	७	७	७३	१०

३१	शहिदस्मारक प्रावि, पंचकन्या	२	२	२९	१५
३२	सगरमाथा आधारभूत प्रावि, सामाङलुङ	१	१	११	११
३३	अटलसिंदेवी प्रावि, आम्बोटे	१	१	२३	२३
३४	मुनामदन प्रावि, मंसुवाटार	२	२	२६	१३
३५	जनकल्याण प्रावि, मुजुरेडाँडा	१	१	१५	१५
३६	जीवन सुधालय मावि, खोकु	१४	१४	१९२	१४
३७	पञ्चकृष्ण मावि, पिप्ले	२२	२२	४०२	१८
३८	पाल्लेपानी आवि, भाकचावा	७	७	१२५	१८
३९	कन्यादेवी मावि, बाँसटोल	१४	१४	२३८	१७
जम्मा		२३३	२३३	३८१३	

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात ९.७ देखि ४८ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखियो। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

५६.२ **अनुदान शिक्षक** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका सामुदायीक विद्यालयमा रहेका शिक्षकहरुको तलब भत्ता शर्शत शिक्षा तर्फ वजेट व्यवस्था गरी स्वीकृत दरवन्दी अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले पालिका चालु शिर्षकबाट अनुदान कोटाकाबाट बिभिन्न ११ विद्यालयको लागि १४ शिक्षक नियुक्ती गरी रु. २४,४६,८७५ अनुदान शिक्षकमा खर्च गरेको छ । पालिकाको आन्तरिक आय रु. ५०,६४,२९२.६८ रहेको अवस्थामा अनुदान शिक्षकमा रु. २४,४६,८७५ खर्च हुनु मनासिव देखिदैन । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन नगरी पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयलेलाई यस प्रकारको खर्च अनियमित भएको भनि बेरुजु औल्याएकोमा यस पटक पनि यस प्रकारको खर्च हुनु नियम गत विगतदेखि नै यस प्रकारको खर्च लेखेको नियमसम्मत देखिएन।

अनियमित भएको	२४,४६,८७५

५६.३ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३९ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता र विद्यालय सहयोगीको तलब भत्ता समेतमा रु. १३,७७,२७,५६० दिवा खाजामा रु. ३८,२६,०६५, पाठ्यपुस्तकमा रु. २१,७५,८७७ छात्राबृत्तिमा रु. ७,५९,३०० लगायतका शीर्षकमा सशर्तबाट रु. १६,०६,१०,३१७ र पालिका चालुबाट रु. १,३१,५८,२२६ गरी जम्मा रु. १७,३७,६८,५४३ खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८१ मा ३८१३ जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रु.४५,५७३ लगानी भएको देखिन्छ । पालिकाले लगानी बमोजिम उपलब्धीमा जोड दिनुपर्दछ।

५६.४ **आइसिटी ल्याव स्थापना** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम

अन्तर्गत खरिद गरीने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनुपर्दछ। यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत श्री पात्लेपानी आधारभूत विद्यालय सहिदभूमि ५ मा आइसिटी ल्याव स्थापनाको लागि रु. ६,४१,२५१ बिद्यालयको खातामा निकासा गएको छ । खरिद गरीएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरी केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरीएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनुपर्दछ।

५६.५ **विद्यालय अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

क्र.सं	विद्यालयलाई अनुदान	विद्यालय संख्या	रकम
१	पाठ्यपुस्तक अनुदान	३९	२१७५८७७
२	छात्रवृत्ति अनुदान	३९	७५९३००
३	पुस्तकालय / ICT/ विज्ञान प्रयोगशाला अनुदान	१	६५००००
४	कार्यसम्पादनमा आधारित अनुदान	२	५०००००
		जम्मा	४०८५१७७

५६.६ **शिक्षक दरबन्दी र पदपूर्ति** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ३० वटा आधारभूत विद्यालय, ९ वटा माध्यमिक विद्यालयहरु गरी ३९ विद्यालय सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ३९ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।

तह	दरबन्दी संख्या	पदपर्ति					विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
		स्थायी	राहत	करार	अनुदान	जम्मा		
प्राथमिक तह	१४४	१११	२५	८	-	१४४	१९२७	१३
निम्न माध्यमिक तह	३५	२०	२	१३	५	४०	९९०	२५
माध्यमिक तह	२५	११	१३	१	११	३६	५८५	१६
उच्च माध्यमिक तह	८	-	-	३	५	८	२५९	३२
प्राविधिक धार	५	-	-	५	-	५	५२	१०
जम्मा	२१७	१४२	४०	३०	२१	२३३	३८१३	९७

५६.७ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु. ९७६ जना रहेका छन। पालिकाले यो वर्ष ७१४२ थान स्यानिटरी प्याड रु. ४,८५,६८० (मु.अ.कर समेत) मा खरिद गरेको छ । पालिकाले

गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरीएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ।

५६.८ **शैक्षिक गुणस्तर -** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरीकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरीकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरीलागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

५६.९ **इन्टरनेटको नपुग विल -** ४६-२०८१।८।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई इन्टरनेटको रकम भुक्तानी गर्दा विल भन्दा बढी भुक्तानी भएकोले असुल गरी राजश्व दाखिल गर्नुपर्दछ।

विद्यालयको नाम	विल रकम	भुक्तानी रकम	बढी भुक्तानी
अनिवार्य निशुल्क आवि, घँघरू	१५०००	१४०००	१०००
कंकेश्वरीप्रा.वि,पोक्ला आँखिसल्ला	१२०००	१०८००	१२००
कन्यादेवी मा.वि.,खोकु	२००००	१६५००	३५००
छिन्ताङ्ग माध्यमिक विद्यालय, छिन्ताङ्ग	२००००	१५०००	५०००
जीवन सुधालय मा.वि.,खोकु	२००००	१३०००	७०००
पञ्चकृष्ण मा.वि., शहिदभुमि	२००००	१५०००	५०००
सिद्धठाकुर आवि,माफिङ्ग ६	१५०००	१३०००	२०००
जम्मा			२४७००

असुल गर्नुपर्ने	२४,७००

५६.१० **विद्यालय सुधार योजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । केही विद्यालयले पेश गरेका विद्यालय सुधार योजनामा तोकीएका सम्पुर्ण विवरण अद्यावधिक नगरेको तथा देहायका विद्यालयले विद्यालय सुधार योजना पेश गरेको नपाइएको खर्च पुष्टि हुने प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ।

विद्यालयको नाम	रकम
अजम्बरी प्रावि , छिन्ताङ्ग	१५०००
अनिवार्य निशुल्क आवि, घँघरू	१५०००
अनिवार्य निशुल्क आवि, टाकुरे	१५०००
अनिवार्य निशुल्क मावि सिम्ले	२००००
कंकेश्वरी प्रावि, पोक्ला आँखिसल्ला	१५०००
कन्यादेवी प्रावि, खोकु	२००००
जनकल्याण नौलोविहानी प्रावि, शहिदभुमी १	१५०००
जनकल्याण प्रावि, मुजुरेडाँडा	१५०००
जनसेवा प्रावि, छिन्ताङ्ग २	१५०००
जीवन सुधालय मावि, खोकु	२००००
राजदेव प्रावि, पोक्ला आँखिसल्ला	१५०००
समुदाय प्रावि, कागुने छिन्ताङ्क	१५०००
सरस्वती प्रावि, नोलमुखा छिन्ताङ्क	१५०००
शहिदस्मारक प्रावि, छिन्ताङ्क	१५०००
सिद्धठाकुर आवि, माफिङ्ग ६	१५०००
सौभाग्य प्रावि, सफाइधाम१	१५०००
	२५५०००

प्रमाण पेश नगरेको	२,५५,०००

५६.११ **इन्टरनेटको विल पेश नभएको** - ४६-२०८१।८।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका विद्यालयहरुलाई इन्टरनेटको रकम भुक्तानी गरेकोमा सो को विल भर्पाइ पेश हुन नआएकोले प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी राजश्व दाखिल गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	२,४२,०००

५६.१२ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रू. १०,००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रू. १५,००० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ३९ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि अनुदान रकम निकासा दिएको मध्ये देहायका विद्यालयहरुले यस वर्षको आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको नपाइएकोले प्रतिवेदन पेश हुनु पर्दछ।

विद्यालयको नाम	रकम
अनिवार्य निशुल्क मा.वि., सिम्ले	१५०००
पात्लेपानी आवि, शहिदभुमी	१००००
राजदेव प्रावि, पोक्ला	१००००
जम्मा	३५०००

प्रमाण पेश नगरेको	३५,०००

५६.१३ **शिर्षक फरक पारी खर्च** - १९८-३।२१आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ भने अर्थमन्त्रालय एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकीएको शिर्षकबाट खर्च लेख्नु पर्दछ भने कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ अनुसार तोकीएको खर्च शिर्षकबाट खर्च लेख्नु पर्दछ । कार्यालयले अपाङ्ग क्षात्रवृत्रि र लक्षित समुह छात्रवृत्रि कार्यक्रमको रकमबाट पाठ्यपुस्तक खरिद शिर्षकबाट भुक्तानी गरेको पाइएकोले उक्त खर्च नियमसम्मत देखिएन।

अनियमित भएको	५४,५००

५६.१४ **दरबन्दी वेगर काज शिक्षक** - शिक्षा ऐन, २०२८ को दफा १६ ज मा शिक्षक सरुवाको व्यवस्था रहेको पाइन्छ भने शहिदभूमीको स्थानीय शिक्षा ऐन २०७५को दफा २६ अनुसार प्रकृया पुर्याएर मात्र शिक्षक सरुवा गर्नुपर्दछ । टप्पुदेवी मा.वि.मा दरवन्दी रहेको मा.वि. तृतीय गणित शिक्षक देव सुन्दर मण्डललाई दरवन्दी नभएको अनिवार्य निशुल्क मा.वि.मा काजमा ल्याई कामकाज गराएको पाइएकोले निजलाई दरवन्दी अनुसार सम्बन्धित विद्यायलमा काज फिर्ता गर्नुपर्दछ।

५६.१५ **दिवा खाजा कार्यक्रम** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१.मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र दिवाखाजा अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी दिवा खाजा अनुदान निकासा गरेको पाइयो । EMIS मा प्रवृष्टि भएको संख्या भन्दा देहाय बमोजिम बढी निकासा भएको रकम असुल हुनुपर्दछ।

भौ. नं . र मिति	विद्यालयको नाम	कक्षा/ महिना	भर्पाइ पेश	भुक्तानी संख्या	बढी भुक्तानी	दर	रकम
१२०-१।१७	सिद्धदेवी मा.वि. सप्टिङ्गटार	बालकक्षा / फागुन	२३१	३५८	१२७	१५	१९०५
३८-७।११	जिवन सुधार मा.वि. खोकु	१/ असोज	०	२२७	२२७	१५	३४०५
		१/ भाद्र	२५०	४०४	१५४	१५	२३१०
	जम्मा						७६६५

असुल गर्नुपर्ने	७,६२०

५७ ठेक्का सम्बन्धि वेहोराहरु

५७.१ **समग्र ठेक्काको अबस्था** कार्यालय/ आयोजनाले स्वीकृत कार्यक्रमअनुसार सार्वजनिक खरिद ऐन तथा नियमावलीलगायत अन्य प्रचलित कानुनबमोजिम निर्माण, बस्तु तथा सेवा खरिदका लागि ठेक्कापट्टाको सम्झौता गरी काम गराउने र त्यसको म.ले.प.फा.नं ५०७ मा अभिलेख राखी सम्झौताबमोजिमको काम सम्पन्न गराउनु पर्दछ । कार्यालय/आयोजनाबाट प्राप्त ठेक्का सम्बन्धी विबरण अनुसार यस आर्थिक बर्षमा निम्न अनुसार ठेक्कापट्टा गरी काम गराएको विबरण प्राप्त भएको छ।

विबरण	बिगत बर्षबाट सरी आएको संख्या	यो बर्ष सम्झौता गरीएको संख्या	कुल संख्या	बिगत बर्षका यस बर्ष सम्पन्न संख्या	यो बर्ष सम्झौता गरी यसै बर्ष सम्पन्न संख्या	कुल सम्पन्न संख्या	आगामी बर्षहरुमा सम्पन्न गर्ने गरी सरेका संख्या
१	२	३	२+३=४	५	६	५+६=७	४-७=८
सिलबन्दी दरभाउ पत्र	१	१	१	०	१	१	०
बोलपत्र	५	४	९	१	१	२	७
कुल जम्मा	६	५	१०	१	२	३	७

५७.२ **बोलपत्रको मुल्याङ्कन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। देहायका ठेक्कामा लागत अनुमान सम्झौता रकम र घटी प्रतिशत रहेको विवरण प्राप्त भएको छ। लागत अनुमानभन्दा न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

क्र. सं.	योजना विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	Construction of Healthpost (Kagune- Chhintang)	01-SAHIDBHUMI/HP/81/82	पूजा निर्माण सेवा	11231579.9	9049308.7	19.43
2	Sukeahal- Pokla- Hangkha Road	01-SAHIDBHUMI/ROAD/81/82	आनन्द/ पूजा जे. भि.	25535197.9	21254076.1	16.77
3	Sukeahal- Mamfing Road	03-SAHIDBHUMI/ROAD/81/82	छिन्ताङ्गदेवी कन्स्ट्रक्सन	17152771.6	14290608.3	16.69
4	Construction of Shree Panchakrishna School	04-SAHIDBHUMI/BDG/81/82	साइमान कन्स्ट्रक्सन	11879983.9	10025307.3	15.61
5	Birthing Centre Construction	05-SAHIDBHUMI/BC/81/82	अस्मि एण्ड अमिशा कन्स्ट्रक्सन	1999432.53	1858264.8	7.06

५७.३ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५८ सुकेआहाल- माम्फिङ- माङलिङ्ग सडक निर्माण

सुकेआहाल- माम्फिङ- माङ्गलिङ्ग सडक निर्माण(चेनेज 0+00 to 1+00)कार्यको लागि पिए र भ्याट समेत रू.१,८३,९४,६४४.२२(भेरिएसन पश्चात) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी छिन्ताङ्ग देवी कन्स्ट्रक्सन प्रा.ली., धनकुटासंग मिति २०८२।३।२० मा सम्पन्न गर्ने गरी पिए र भ्याट समेत रू.१,५२,१७,६७२.००(भेरिएसन पश्चात) मिति २०८१।०८।४ मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम मिति २०८२।२।३० मा कार्यसम्पन्न गरी (चौथो बिलसम्म) जम्मा रू.१,४९,७६,५०७.७८ भुक्तानी भएको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

भेरिएन- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएन आदेश जारी गर्न सक्ने उल्लेख छ।उक्त योजना संझौताको बि.ओ.क्यु.को आईटम नं. ४ देखि क्रमश ११ सम्म(जगको माटो खन्ने कार्य, ढुंगाको सोलिङ्ग कार्य, पि.सि.सि. M10, ढुंगाको सिमेन्ट गारो लगायतको कार्य) कार्यमा भेरिएसन गरेको देखिन्छ। कुल संझौता रकमको(भ्याट बाहेक) ६.५८ प्रतिशतले रू.८,२०,४१०.५९ थप भेरिएसन भई कार्य सम्पन्न भएको देखिन्छ।उक्त थप कार्यको भेरिएन आदेश तथा टिप्पणीमा तत्कालीन प्रमुख प्रशासकिय अधिकृतले सदर गरेको देखिएन भने सो भेरिएन आदेश कार्यपालिकाबाट समेत स्वीकृत गर्ने गरी कार्यपालिकामा पेश भएकोमा सो कार्यापालिकाको निर्णयमा कुन कुन आईटममा कति कति प्रतिशतले बृद्धि भई भेरिएन गरेको हो सो स्पष्ट नखुलाई, भेरिएसन गर्ने भन्ने मात्र जानकारी राखी कार्यापालिकाबाट स्वीकृत गरेको देखिन्छ।यसरी प्रकृया पुरा नगरी गरेको भेरिएन कार्यलाई नियमसम्मत मान्न सकिदैन।तर्सथ कानुनमा भएको व्यबस्थाको पुर्ण रुपमा पालना गरी प्रकृयागत रुपमा कार्य गर्नुपर्दछ।

५९ **थलथले चम्चा सडक वडा-६**

थलथले चम्चा सडक वडा-६ निर्माण कार्यको लागि रू.१,५८,३६,६९०.१८(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी दिल निर्माण सेवा भोजपुरसंग मिति २०८०।३।२० मा सम्पन्न गर्ने गरी रू.९३६०८९३.९६(पिए र भ्याट समेत) मिति २०८०।०१।२४ मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम यस आर्थिक बर्षमा दोस्रो बिलसम्म रू.४०,६३,३२५.०४ भुक्तानी भएको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

५९.१ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । पालिकाले उक्त योजनाको लागि अन्तिम पटक म्याद थप २०८२।३।१५ सम्म गरेको देखिन्छ र सो पश्चात म्याद थप गरेको निर्णय देखिएन। सुरु संझौताको ६०० प्रतिशत भन्दा बढीनै म्याद थप गर्दा पनि उक्त योजना सम्पन्न हुन सकेको देखिएन। निर्माण व्यवसायीले काममा थप प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ नियममा भएको व्यबस्था अनुसार पुर्व निर्धारित क्षतिपुर्ति लिई कार्यालयले समयमा कार्य सम्पन्न गराउने तर्फ पहल गर्नुपर्ने देखिन्छ।

५९.२ **प्रोग्राम अपडेट** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गर्दा GCC 34.3 मा निर्माण व्यवसायीले तोकिएको समयको(१५ दिन) अन्तरालमा प्रोग्राम अपडेट उपलब्ध गराउनुपर्ने र सो नगरेमा सार्वजनिक निकायले सम्झौता बमोजिमको रकम रू. २५,०००.०० उक्त अपडेट प्राप्त नभएसम्मका लागि रोक्का राख्नुपर्ने व्यबस्था छ । पालिकाले सञ्चालन गरेका उक्त खरिद सम्झौतामा व्यबसायीले उक्त सम्झौताको शर्त पालना गरेको देखिएन । निर्माण कार्यको

अद्यावधिक अवस्था खुल्ने गरी व्यबसायीबाट प्रोग्राम अपडेट प्राप्त नभएको अवस्थामा शर्त बमोजिम रकम रोक्का नराखेकोले उक्त विषय नियमसम्मत देखिएना।

अनियमित भएको	२५,०००

६० **सुकेआहाल- पोक्ला- हाङखा- थलथले सडक**

सुकेआहाल- पोक्ला- हाङखा- थलथले सडक निर्माण कार्यको लागि रू.२,५५,३५,१९७.८५(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी आनन्द\पुजा जे.भी. धरानसंग मिति २०८२।३।२० मा सम्पन्न गर्ने गरी रू.२,१२,५४,०७६.०६(पिए र भ्याट समेत) मिति २०८१।०८।१२ मासंझौताभएको देखिन्छ । उक्त संभौता बमोजिम तेस्रो बिलसम्म रू.९७,५०,०८४.८८ भुक्तानी भएको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

६०.१ **प्रोग्राम अपडेट** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गर्दा GCC 34.3 मा निर्माण व्यवसायीले तोकिएको समयको(३० दिन) अन्तरालमा प्रोग्राम अपडेट उपलब्ध गराउनुपर्ने र सो नगरेमा सार्वजनिक निकायले सम्झौता बमोजिमको रकम रू.१,००,०००.०० उक्त अपडेट प्राप्त नभएसम्मका लागि रोक्का राख्नुपर्ने व्यबस्था छ । पालिकाले सञ्चालन गरेका उक्त खरिद सम्झौतामा व्यबसायीले उक्त सम्झौताको शर्त पालना गरेको देखिएन । निर्माण कार्यको अद्यावधिक अवस्था खुल्ने गरी व्यबसायीबाट प्रोग्राम अपडेट प्राप्त नभएको अवस्थामा शर्त बमोजिम रकम रोक्का राखेको प्रमाण पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	१,००,०००

६०.२ **बीमा**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि म्याद थप नगरेको तथा निर्माण कार्यको अवधिको लागि चाहिनेसम्मको कानुन बमोजिम पुर्ण रुपमा बिमा नगरेको देखिन्छ ।कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ ।

६१ **पुँजीगत खर्च तर्फ**

पुँजीगत खर्च तर्फ देखिएका समग्र वेहोराहरु देहाय बमोजिम रहेका छन्

६१.१ **मूल्य अभिवृद्धि करकट्टी** - मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । नमुना छनौटका रुपमा हेर्दा निम्न आयोजनाहरुले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. १९५६२०.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ६१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१,९५,६२०

६१.२ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्धुतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:-

	उपभोक्तासमितिकोनाम	कामकोविवरण	भुक्तानीरकम
४।०८१।७।११	माम्फिङ्ग सामुदायिक अधुरो भवन वडा नं. ६उ.स.	आर सिसि भवन निर्माण	१४०००००
४६।०८१।१२।२३	पोखरे सदगुरु कविर सतसंघ अधुरो भवन निर्माण वडा नं. १ उ.स.	आर सिसि भवन निर्माण	२८४३२६
५३।०८२।१।४	डाँडाँगाउँ खानेपानी ट्यांकी निर्माण उ.स.	खानेपानी ट्यांकी निर्माण	२९९४०१
१४२।०८२।३।१५	साकेवाकु भाङग खानेपानी ट्यांकी निर्माण उ.स.	खानेपानी ट्यांकी निर्माण	२९८७०९
१६५।०८२।३।१८	हिमायती कृषक भवन निर्माण उ.स.	आर सिसि भवन निर्माण	३९९३८९
		जम्मा	२६८१८२५

६१.३ **हेभी इक्युपमेन्टको प्रयोग** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नमुना छनौटका रुपमा हेर्दा पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नपाइएकोले नियमसम्मत देखिएन।अतः आगामी दिनमा यस्तो कार्यमा सुधार हुनुपर्दछ।

गो.भौ.न	उपभोक्ता समितिको नाम	कामको विवरण	मुल्याँकन	भुक्तानी	मेशिन प्रयोगको मु.अ.कर बिल
५	२ नं. सडक सरसफाई उ.स.	सडक सरसफाई	४३८०८६	४०००००	४३८१०५
२७	५ नं. सडक सरसफाई उ.स.	सडक सरसफाई	२१९४२१	२०००००	२१८८९०
३६	५ नं. सडक सरसफाई उ.स.	सडक सरसफाई	१६२५१९	१४८४३०	१३७९३०
३८	कोरालाङ छिन्ताङदेवी प्रा.वि. ग्रामिण सडक उ.स.	माटो काट्ने काम	३२५९००	२८८०००	३२५९००
५१	सामाजिक उत्थान सेवा सडा उ.स.	सडक मर्मत	२१४९५९	२१४९५९	२१६०००
५८	छारागाउँ हुरीहोङ ग्रा.स. उ.स.	सडक मर्मत	२१७६७८	१९९००४	२१७६७८
जम्मा				१४५०३९३	१५५४५०३

६१.४ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरण मूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघसंस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू.२६७८३२ भुक्तानी दिएको पाईयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

भौ.न.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
९	सिजन एण्ड ब्रदर्स ट्रेडर्स, धरान	सवारी साधन मर्मत	१०७९००
१०	फर्निसिङ्ग फ्लोरिङ एण्ड सप्लयार्स लगायत अन्य	सिरक, कुर्सी लगायत अन्य	१४८३५०
६६	गणेश स्टोर, धनकुटा	तन्ना, तौलिया लगायत अन्य	११५८२
जम्मा			२६७८३२

६१.५ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धाबाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नमुना छनौटका रुपमा हेर्दा नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन।

भौ.नं.	उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम
५०	३ नं. वडा कार्यालय घेरावार निर्माण उ.स.	वडा कार्यालयको घेरावार निर्माण	४९७७१०
१२३	वडा कार्यालय कम्पाउण्ड घेरावार वडा नं.७ उपभोक्ता समिति	वडा कार्यालयको घेरावार निर्माण	३९९९३५
१२६	सामुदायिक स्वास्थ्य इकाई कम्पाउण्ड घेरावार वडा नं.७ उपभोक्ता समिति	सामुदायिक स्वास्थ्य इकाई कम्पाउण्ड घेरावारय निर्माण	२९९९६८
जम्मा			११९७६१३

अनियमित भएको	११,९७,६१३

६१.६ **शीर्षक फरक पारी खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ । विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । नमुना छनौटको रुपमा हेरिएको योजनामा फरक शीर्षकमा खर्च गरेको रु. ७,३७,४५२ रकम नियमित देखिएन छ।

अनियमित भएको	७,३७,४५२

६१.७ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ।प्राप्त बिबरण अनुसार पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू. ११,१६,६७४ हजार खर्च गरेको देखियो। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

क्र.सं.	कार्यक्रमको नाम	लागत अनुमान	कन्टिन्जेन्सी खर्च शीर्षकगत						
			बिबिध	सवारी मर्मत तथा इन्धन	कार्यालय सञ्चालन अनुगमन	सूचना प्रकाशन	बैठक	अनुगमन	जम्मा
	बिभिन्न	नखुल्ने	११९०४४	३५७१०	६१३९४०	१०२५५९	१०१९३०	१४३४९१	१११६६७४

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा त्यस्तो गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्दछ ।

६१.८ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

६१.९ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांसमा गुणस्तर परीक्षण गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

६१.१० **एचडिपिई(खानेपानी पाइप)** खरिद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ ।पालिकाले निम्न गोश्वारा भौचरबाट एच.डि.ई.पी.(खानेपानी पाईप) खरिद गरी जिन्सी दाखिला गरेको देखाएको छ । नमुना छनौटका रुपमा हेर्दा उक्त पाइपहरुको वितरण गरेको भरपाई तथा सोको उपयोग तथा जडान भएको खुल्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त खरिदको उपयोग प्रति एकिन गर्न सकिएन तर्सथ उक्त एच.डि.ई.पी.(खानेपानी पाईप)को वितरण गरेको भरपाई तथा सो कुन स्थान तथा चेनेजमा जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट, मुल्यांकन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ।

गो.भा.न\मिति	सप्लायर्स	विवरण	साइज	परिमाण	भुक्तानी रकम
६।०८१।९।१७	नेपाल प्लाष्टिक्स प्रा.ली., सुनसरी	PN 16	16mm	7300 mtr.	२४०८७०
		PN 16	20mm	5300 mtr.	२२८१८०
१७८।०८२।३।१९	धनकुटा हार्डवेयर सप्लायर्स, धनकुटा	PN 16	40mm	800 mtr.	१३७४०८
		PN 16	20mm	850 mtr.	४१३०१
		Hill Tank	Extra Heavy	14 थान	१०६६२७
जम्मा					७५४३८६

प्रमाण पेश नगरेको	७,५४,३८६

६१.११ **सब कन्ट्रयाक्टरबाट काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नियम ९७ (१३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यबसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यबस्था छ। कार्यालयले उपभोक्ता समितिसँग बिभिन्न काम गर्न गरी सम्झौता गरेकोमा, उपभोक्ता समितिले देहायका निर्माण व्यावसायी मार्फत सवकन्ट्याकमा दिई काम गराएको देखियो।नमुना छनौटका रुपमा हेर्दा नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनुपर्दछ।

क्र सं	गो.भौ नं/मिति	उपभोक्ताको नाम	भुक्तानी रकम	निर्माण व्यवसायीको नाम	भुक्तानी रकम
१	१२५।०८२।३।१	रिडेन देखि मटेनी सडक सरसफाई तथा विस्तार उ.स.	२९८५६५	पुजा निर्माण सेवा, सुनसरी	३२६५४७
२	१२७।०८२।३।२	कटहरे अ◌ोदाङ्ग करोन्जे मंसुवाटार सडक उ.स.	३७०८१५	त्रिलोक निर्माण सेवा प्रा.ली,, धनकुटा	४३९७०५
३	१३३।२०८२।३।७	खहरे सिमसार नयाँ पुल ग्रा.स. उ.स.	३०००००	पुजा निर्माण सेवा, सुनसरी	३२८८७९
४	१३७।०८२।३।९	अ◌ोढाङ करोन्जे ग्रामिण सडक मर्मत उपभोक्ता	२४८८९०	त्रिलोक निर्माण सेवा प्रा.ली,, धनकुटा	२७५०२८
५	१४७।०८२।३।१६	ख्यादाङ धनवारी टप्पु ग्रामिण सडक उपभोक्ता समिति	३५००००	पुजा निर्माण सेवा, सुनसरी	३८४४२१
६	१३७।०८१।९।२७ चालु	विपद् व्यबस्थापन तथा सडक सरसफाई उपभोक्ता समिति	४०००००	न्यु राई निर्माण सेवा, धनकुटा	४३५४१४
जम्मा			१९६८२७०	जम्मा	२१८९९९४

अनियमित भएको	१९,६८,२७०

६१.१२ **व्यक्ति मार्फत कार्य** - गाउँपालिका पुजीगत - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले खरिद विधि खुल्ला प्रतिस्पर्धाद्धारा, उपभोक्ता समिति मार्फत, अमानतबाट निर्माण कार्य तथा गैर सरकारी संस्था मार्फत कार्य गराउन सक्ने प्रावधान छ। कुनै एक व्यक्ति मार्फत निर्माण कार्य गराउन मिल्ने व्यबस्था गरेको देखिदैन। यस गाउँपालिकाले गाउँपालिका पुजीगत शीर्षकबाट लुङधान बेल्टार ग्रामिण सडकमा पक्की ड्रेन निर्माण वडा नं.७ को कार्य गर्न सिता पौडेल मार्फत गराई गो.भौ.न. २५३।०८२।३।२४ बाट रू. ३०००००.०० उक्त व्यक्तिलाई भुक्तानी गरेको देखिन्छ । यसरी कानुनमा भएको व्यबस्था विपरित व्यक्ति मार्फत कार्य गराई भुक्तानी गरेको नियमसम्मत देखिएन।

अनियमित भएको	३,००,०००

६१.१३ **योजना छनौट एबं कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम

तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ताकार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

६१.१४ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ। पालिकाले गुरासे देवीथान निर्माण वडा नं.३ कार्यका लागि लागत अनुमान रू.१,६४,१६१.०० तयार गरी सो अनुसार कार्य सम्पन्न गरेको छ। उक्त कार्यको मुल्यांकन रू.१,६३,५२०.०० भएको छ, त्यस्मा उपभोक्ताको अशं कट्टी गरी रु.१,३८,९५९.०० भुक्तानी हुनुपर्नेमा रू.१,४९,४५९.०० भुक्तानी भएको देखिन्छ।वास्तविक भुक्तानी हुनुपर्ने भन्दा रू.१०५००.०० बढी भुक्तानी भएको रकम सम्बन्धि उपभोक्ता समितिबाट असुल गरी राजस्वा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	१०,५००

६१.१५ **डी.पि.आर. निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले गत वर्ष निर्माण गरेका निम्नानुसार डि.पि.आर. वापत रू. २९,००,४०३ खर्च भएको अवस्थामा कुनै पनि डि.पि.आर. गर्नुको प्रयोजन पुरा हुने गरी कार्यान्वयनमा ल्याएको देखिएन । यो वर्ष पुनः निम्नानुसार रू. १९,६१,६८० को डि.पि.आर. तयारीमा बजेट खर्च गरेको देखियो। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै कार्यान्वयन नहुने कार्यमा डि.पि.आर. तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्यवृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डि.पि.आर. निर्माणमा खर्च गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ६१.१५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१.१६ **ईटाको कार्यमा मु.अ.कर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ भने नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कामको लागि दर विश्लेषण गर्दा इट्टामा सहिदभूमि गाउँपालिकाको स्थानीय दर रु.२१.०० मा मुअकर जोड गरी प्रति इट्टा २३.७३ कायम गरी भुक्तानी गरेको तर विजक कम भएको अवस्थामा समेत सवै रकम भुक्तानी भएको छ। यस सम्वन्धमा छलफल गर्दा उपभोक्ता समितिले कम दरको विजक पेश गर्ने गरेको कार्यालयले जनाएको छ। तर कम दरको विजक पेश गर्दा रकम सवै भुक्तानी हुने तर राज्यलाइ वुझाउनुपर्ने करमा कमी आउने हुँदा यस्तो प्रकारको न्युन विजकीकरण मार्फत कर छलीलाई कार्यालयले समेत नियन्त्रण गर्नुपर्ने देखिन्छ। अतः नमुना छनोटको रुपमा हेरीएका केही योजनाहरुमा वढी दर लाग्ने गरी दर विश्लेषण गरी भुक्तानी गर्ने तर कम विजक पेश गर्नेको फरक मुअकर रकम असुल हुनुपर्दछ।

भौ नं	योजनाको नाम तथा विवरण	भुक्तानी भएको ईटाको परिमाण	कार्यालयले भुक्तानी गरेको मुअकर रू.	उपभोक्ता समितिको बिजक मुअकर रू.	पेश भएको विजक अनुसारको दर (मुअकर समेत)	वढी मु अ कर भुक्तानी रकम
२२६	धाप बहुउदेश्य सामुदायिक भवन निर्माण उ.स.	७०१०	१९१३७	११०५०	१९.२१	८०८७
जम्मा						८०८७

असुल गर्नुपर्ने	८,०८७

६१.१७ **ईक्ट्रोनिक सामाग्री टुक्रे खरिद** - गाउँपालिका पुजीगत- सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको खरिदलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमसम्मत देखिएन।अतः आगामी दिनमा यस्तो कार्यमा सुधार हुनुपर्दछ।

गो.भा.न.\मिति	विवरण	संख्या(थान)	भुक्तानीकर्ता	रकम
१८।०८१।९।२३	Dell core i5 Laptop लगायत अन्य	१	OM sai suppliers, Dhankuta	१८९२७५
४०।०८१।१२।२	Biometric scanners	७	Mantra Tech, Morang	९४९२०
५६।०८२।१।१६	Laptop HP victus	१	OM sai suppliers, Dhankuta	९८९९७
६३।०८२।१।२५	Cannon LBP 243DW	१	Microtech Computers Points, Dharan	७००६०
६६।०८२।१।२६	Dell laptop and printer	१	Intel Computer and office solution, Dhankuta	९९९४८
१०१।०८२।२।२२	Dell Monitar	१	OM sai suppliers, Dhankuta	२४८६०
११२।०८२।२।२९	12 v, 160 AH genus tall tabular	२	Subha Sambridi Suppliers, Dhankuta	८००००
१३२।०८२।३।७	Laptop Dell	१	Intel Computer and office solution, Dhankuta	१०२०३९
१५२।०८२।३।१७	Wireless Microphone लगायत अन्य	१	OM sai suppliers, Dhankuta	९८८७५
१७६।०८२।३।१८	AC खरिद	४	लक्ष्मी सप्लायर्स, धनकुटा	४६५२२०
१७७।०८२।३।१८	Washing Machine खरिद	१	श्री सप्लायर्स, धनकुटा	९९४४०
१७७।०८२।३।१८	Mobile, Pen drive लगायत अन्य	१	माइक्रोटेक कम्पयुटर प्वाइन्ट, धरान	६६९९८
१७७।०८२।३।१८	ल्याबटप i5, 14th Gen	१	माइक्रोटेक कम्पयुटर प्वाइन्ट, धरान	९२९९९
१९३।०८२।३।२१	Refrigenerator Samsung	२	Intel Computer and office solution, Dhankuta	७९१००
	Online Attendance	१	Techno Creatic IT Center, Sunsari	४५०००
२८०।०८२।३।२५	Canon Printer	६	माइक्रोटेक कम्पयुटर प्वाइन्ट, धरान	१७४०००
२८१।०८२।३।२५	E-attendence	६	OM sai suppliers, Dhankuta	२०२७७८
जम्मा				२०८४५०९

६१.१८ **प्राकृतिक श्रोत प्रयोग** - कोशी प्रदेश आर्थिक ऐन,२०८१ को दफा ७ बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत संकलन तथा बिक्री वापतको शुल्क अनुसूची ६ बमोजिम लगाई असुल गरिने र शुल्कको संकलन, नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्ने उल्लेख छ । सोहि ऐनको अनुसुची ६ बमोजिम ढुङा, गिट्टी र ग्राभेलको प्रति क्यु फिट संकलन रु.७ र बिक्री दर रु. ८ को दरले शुल्क लाग्ने व्यवस्था रहेको छ। पालिकामा यो वर्ष सञ्चालन भएका निम्नानुसारका आयोजनाहरुमा ढुंगा खरिद गरेको भरपाई पेश भएको आधारमा भुक्तानी गरेको देखिन्छ। सो ढुंगा लगायतको सामाग्रीमा पालिकाले तोकिए बमोजिम शुल्क संकलन गर्नुपर्नेमा संकलन गरेको नदेखिएकोले नमुना छनौट रुपमा उल्लेख गरिएका निम्न आयोजनमा प्रयोग गरेको ढुंगा वापतको देहाय बमोजिमको मुल्य अभिवृद्धि कर सहित जम्मा रु.१७५५९८.०० छुट भएको देखिन्छ । यसरी पालिकाको अधिकार क्षेत्र भित्र रहेका प्राकृतिक स्रोत संकलनलाई नियमन गरी कर दायरामा ल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ६१.१८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१.१९ **जिन्सी दाखिला** - आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी ब्यबस्था रहेको छ ।सार्वजनिक सम्पत्तिको व्यबस्थापन गर्न सार्वजनिक सम्पत्ति व्यबस्थापन प्रणाली(पाम्स) मार्फत एक आर्थिक बर्ष भन्दा कम खप्ने सामाग्री खर्च भएर जाने(म.ले.प.फा.न.४०७) र एक आर्थिक बर्ष भन्दा बढी खप्ने सामाग्री खर्च भएर नजाने(म.ले.प.फा.न.४०८) जिन्सी खातामा आम्दानी बाध्नुपर्ने व्यबस्था रहेको छ। गाउँपालिकाले यस आर्थिक बर्षमा गो.भौ.न.१७६। ०८२।३।१८ मा ४ थान ए.सि. खरिद गरी लक्ष्मी सप्लायर्स, धनकुटालाई रू.४,६५,२२०.०० भुक्तानी गरेको देखिन्छ। उक्त खप्ने सामाग्रीलाई खर्च भएर नजाने(म.ले.प.फा.न.४०८) मा आम्दानी जनाई जिन्सी दाखिला गर्नुपर्नेमा पालिकाले खर्च भएर जाने(म.ले.प.फा.न.४०७) आम्दानी बाधेको देखिन्छ।सार्वजनिक सम्पत्तिको सदुपयोग तथा अभिलेखिकरणको लागि उक्त सामाग्रीलाई खर्च भएर नजाने(म.ले.प.फा.न.४०८) आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	४,६५,२२०

६१.२० **बाटो सरसफाईमा डोजर प्रयोग** - सार्वजनिक बजेट खर्च गर्दा मितव्यीयता अपनाई खर्च गर्नुपर्दछ । देहायका वडा कार्यालयहरुले बाटो सरसफाई वापत निम्नानुसारका निर्माण व्यावसायीलाई रकम भुक्तानी गरेको पाइयो। पालिकै स्वामित्वमा डोजर रहेको अवस्थामा वडा भित्रका सडक मर्मतको लागि देहायबमोजिम रकम खर्च गरी भाडामा डोजर लगाउँदा दोहोरो खर्च भुक्तानी हुने तथा लागत बढ्न जाने भएकोले पालिकाले आफ्नो स्वामित्वमा भएको डोजरको सदुपयोग गर्दै दोहोरो नहुने गरी आयोजना सञ्चालन गर्नुपर्दछ।

भो. नं ./ मिति	कामको विवरण	फर्मको नाम	कार्य परिमाण घ.मि.	दर	भुक्तानी रकम रु.
५।०८१।९।९	२ नं. वडाका सबै सडक सरसफाई	पुजा निर्माण सेवा, सुनसरी	६७१०	६५.२९	४३८१०५
२७।०८१।१०।२८	५ नं. वडाका सबै सडक सरसफाई	पुजा निर्माण सेवा, सुनसरी	३३६०	६५.२९	२१९३७४
३६।०८१।१२।२	७ नं. वडाका सबै सडक सरसफाई	प्रधान कनस्ट्रक्सन, धनकुटा	२६५८	५१.८९	१३७९३०
जम्मा					७९५४०९

६१.२१ **एचपिएफ शैक्षिक साझेदारी** - कोशी प्रदेशका ४ जिल्लामा कार्यक्षेत्र रहने गरी ह्यूमन प्राक्टिक्स फाउन्डेसन (Human Practice Foundation-एचपिएफ)नामक अन्तराष्ट्रिय गैह्र सरकारी संस्था र समाज कल्याण परिषदबिच विद्यालय पूर्वाधार, सुविधा र सिकाई सुधार नामक परियोजना २०२४ मार्च ७ देखी २०२९ मार्च ६ सम्म (५ वर्ष) कार्यान्वयन गर्नका लागि स्वीकृत भएको छ । एचपिएफ डेनमार्कको अनुदान प्राप्त कुल बजेट १ अर्ब ५० करोड रहेको यस परियोजना अन्तर्गत एचपिएफ सँग पालिका र विद्यालय व्यवस्थापन समितिको साझेदारी मार्फत यस आर्थिक बर्षमा ८ कोठे भवन ४ वटा र ६ कोठे भवन २ वटा सम्पन्न भएको देखिन्छ। जुन निम्नानुसारका रहेका छनः-

बिद्यालय	संझौता रकम	एचपिएफको तर्फबाट	पालिकाको तर्फबाट	वि.व्य.स.तर्फबाट	कार्यसम्पन्न रकम	पालिकाले गरेको भुक्तानी	कार्यसम्पन्न गरेको मिति
तप्पु देवी मा.बि.वडा-६\ ८ कोठे भवन	९४०३९७६	७७०७६६०	१५०८२३६	१८८०७९	९४९६२६२	१५०८१७८	2025 Feb. 28
आदर्श मा.बि. वडा-१\ ८ कोठे भवन	९४१४२५०	७७१६०८५	१५०९८८०	१८८२८५	९५०८७३०	१५०९०००	2025 Feb.8
अनिवार्य निशुल्क मा.बि. वडा-१\ ८ कोठे भवन	९५२६४०६	७७८६७२५	१५४९१५३	१९०५२८	९६२०८८७	१५४९१३५	2025 Feb.8
कन्या देवी मा.बि. वडा-४\ ८ कोठे भवन	९३९०९७९	७६९७००३	१५०६१५६	१८७८१९	९४०१०४९	१५०६१००	2025 Feb.8
पञ्चकृष्ण मा.बि. वडा-४\ ६ कोठे भवन	७०२८१८५	६०४४२३९	८४३३८२	१४०५६३	७३०७४४५	८४३३८२	2025 Feb. 28
छिन्ताङ्ग मा.बि. वडा-२\ ६ कोठे भवन	७११८२२६	६१२१६७४	८५४१८७	१४२३६४	७५१६९२०	८५४१८७	2025 Feb. 28
जम्मा	५१८८२०२२	४३०७३३८६	७७७०९९४	१०३७६३८	५२८५१२९३	७७६९९८२	

यस सम्बन्धमा देखिएका केही व्यहोराः-

१. कार्यसम्पन्न गर्नुपर्ने म्याद भन्दा पछि कार्यसम्पन्न भएको देखिन्छ।र सोको लागि म्यादथप गरेको निर्णय देखिएन।

२. अनुगमन तथा सुपरिवेक्षणमा कार्यालय प्रमुख(प्रमुख प्रशासकिय अधिकृत) बेगरको अनुगमन भएको देखिन्छ।

६१.२२ **साना सिंचाई आयोजना** - गाउँपालिकाबाट सञ्चालन भई यस आर्थिक बर्षमा सम्पन्न गरी भुक्तानी भएका साना सिंचाई आयोजना अन्तर्गतका निम्न योजनाहरु रहेको देखिन्छ। उक्त योजनाहरुको संझौता अनुसार स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका र स्थानीय श्रमदान क्रमशः ३०, २०, २०, २० र १० प्रतिशत सहभागिता रहने उल्लेख रहेको देखिन्छ। यस आर्थिक बर्षमा सम्पन्न भएका योजनाहरुको विवरण माग गरी परिक्षण गर्दा उक्त संझौता बमोजिमको आनुपातिक रुपमा कट्टी गरी भुक्तानी गरेको देखिएन। यसरी संझौता भन्दा फरक हुने गरी भुक्तानी भएको रकमको हिसाब मिलान गरी आनुपातिक कट्टी गरेको प्रमाण पेश गर्नुपर्दछ ।

क्र.स.	योजनाको नाम	कुल खर्च	स्वीस सरकार विकास सहयोगको योगदान (३०%)	संघीय सरकारको योगदान (२०%)	प्रदेश सरकारको योगदान (२०%)	स्थानीय सरकारको योगदान (२०%)	उपभोक्ताको योगदान (१०%)
१	लामपाते केङछारक कुलो सिंचाई योजना वडा-६	२६३८४५२	७६५६२४	५२५४१४	५२५४१४	५४८०००	२७४०००
२	डुम्बुरे तेले बाँड कुलो सिंचाई योजना वडा-३	२२८८२०६	५१०५१०	४५८३४८	४५८३४८	५७४०००	२८७०००
३	माम्फिंग कार्की कुलो सिंचाई योजना वडा-६	२५५३१४०	५२२४४६	५६८३४७	५६८३४७	५९६०००	२९८०००
४	खोकुटार माझ कुलो सिंचाई योजना वडा-५	२६३१११५	६०६२७३	५६२४२१	५६२४२१	६०००००	३०००००
जम्मा		१०११०९१३	२४०४८५३	२११४५३०	२११४५३०	२३१८०००	११५९०००

